नेपालको संविधानको धारा २९४ बमोजिम
सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत मुस्लिम आयोगको




# छैठौं वार्षिक प्रतिवेदन

(२०८० श्रावण-२०८१ आषाढ)

**मुस्लिम आयोग, नेपाल**
जावलाखेल, ललितपुर
www.muslimcomission.gov.np

नेपालको संविधानको धारा २९४ बमोजिम
सम्माननीय राष्ट्रपति समक्ष प्रस्तुत

# मुस्लिम आयोगको
# छैठौं वार्षिक प्रतिवेदन
## (२०८० श्रावण-२०८१ आषाढ)


**मुस्लिम आयोग, नेपाल**
जावलाखेल, ललितपुर
फोन नं. +९७७-५५४२६५१
Website: www.muslimcomission.gov.np
Email: muslimcomission.nepal@gmail.com

**मुस्लिम आयोगको वार्षिक प्रतिवेदन**
**आर्थिक वर्ष २०८०/८१**

---


| | | |
|---|---|---|
| प्रकाशक | : | मुस्लिम आयोग, जावलाखेल, ललितपुर |
| प्रकाशन मिति | : | २०८१ असोज |
| प्रकाशन संख्या | : | १५०० प्रति |
| फोन | : | ०१-५५४२६५१ |
| वेबसाइट | : | www.muslimcomission.gov.np |
| इमेल | : | muslimcomission.nepal@gmail.com |

# मुस्लिम आयोग
## जावलाखेल, ललितपुर
## नेपाल


प.सं. ०८१/०८२
च.नं. ७५

मुस्लिम आयोग
जावलाखेल, ललितपुर
२०७४

मितिः २०८१।०६।२२

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतलनिवास, काठमाडौं।

विषयः वार्षिक प्रतिवेदन।

नेपालको संविधानको धारा २९४ बमोजिम मुस्लिम आयोगले आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

(समिम मियाँ अन्सारी)
अध्यक्ष


फोन नं. ०१-५५४२६५१ इमेल muslimcomission.nepal@gmail.com वेवसाइट www.muslimcommission.gov.np

## मुस्लिम आयोगका पदाधिकारीहरू:



समिम मियाँ अन्सारी
**(अध्यक्ष)**



महमदिन अली
**(सदस्य)**



मिर्जा अरशद बेग
**(सदस्य)**



मोहम्मद समशुल हक
**(सदस्य)**



रमेश न्यौपाने
**(सचिव)**

# मन्तव्य

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग-२७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भए बमोजिम आयोग क्रियाशील रहदै आएको छ । मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ ले आयोगको काम, कर्तब्य र अधिकारहरूको व्यवस्था गरेको छ । ऐनले गरेको उक्त व्यवस्था अनुसार आयोगले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका मुख्य-मुख्य कार्यहरूलाई समेटी वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

प्रतिवेदनमा आयोगले वर्षभरि सञ्चालन गरेका कार्यक्रमहरू, भोग्नु परेका समस्या तथा चुनौतीहरू, भविष्यमा गर्नुपर्ने सुधारलगायतका विषयहरू समावेश गरिएका छन् । यसले आयोगका गतिविधिहरू, वित्तीय व्यवस्थापन जस्ता पक्षहरूलाई उजागर गर्ने, जनमानसमा आयोगका कामहरूको जानकारी गराउने, भविष्यमा गर्नुपर्ने सुधार र प्रगतिको लागि आधार प्रदान गर्न सहयोग पुग्नुका साथै मुस्लिम समुदायको लागि प्रभावकारी नीति तथा कार्यक्रमको विकासमा प्रकाश पार्नसमेत टेवा पुग्नेछ।

समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सुनिश्चितताका लागि कानूनी व्यवस्था गरी तीनै तहका सरकारहरूबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु पर्ने, निजामती सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण, कुटनीतिक निकाय लगायत अन्य सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ।

समुदायको उत्थान एवम् विकासका लागि उच्च तहको सीप विकास तालिम र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ । मदरसा शिक्षा प्रणालीको सुधारका साथै यसको प्रभावकारी व्यवस्थापन, समुदायसँग विभिन्न धार्मिक स्थलहरूको संरक्षण र संवर्धन, कब्रिस्तानहरूको जग्गा अतिक्रमण नियन्त्रण तथा तराई र पहाडका केही जिल्लाहरूमा शव (मैयत) गाड्ने कब्रिस्तान (श्मसानस्थल) हरूको थप व्यवस्था गर्न आवश्यक देखिएको छ।

आयोगबाट भएका विभिन्न अध्ययन अनुसन्धानहरू, सचेतनामूलक कार्यक्रमहरू, छलफल तथा अनुगमनबाट प्राप्त भएका निष्कर्ष, राय, सल्लाह तथा सुझावहरूलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ।

आयोगको कार्य सम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका माननीय सदस्यहरू र सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिंदै आयोगले आगामी दिनमा सञ्चालन गर्ने कार्यक्रमहरूमा समेत सम्बन्धित सबैको अमूल्य सुझाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु।

धन्यवाद।

अध्यक्ष<br>
समिम मियाँ अन्सारी<br>
मुस्लिम आयोग

# कार्यकारी सारांश

मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग २७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएकोमा सो संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि मुस्लिम आयोग ऐन, २०७४ जारी भई उक्त ऐनको व्यवस्था बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५।१२।७ गते यस आयोगको अध्यक्ष पदमा माननीय समिम मियाँ अन्सारी नियुक्ति भई विधिवत रुपमा मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको छ। यस आयोगका चार सदस्य पदहरूमध्ये मिति २०७७।१०।२१ गते माननीय महमदिन अली र माननीय मिर्जा अरशद बेग र मिति २०७८।०३।१० मा माननीय मोहम्मद समशुल हक नियुक्त भई कार्यरत रहनु भएको छ। साथै आयोगको एक जना सदस्यको पद रिक्त रहेको अवस्था विद्यमान् छ।

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ बमोजिम यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा शसक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ।

मुस्लिम आयोग ऐन, २०७४ ले निर्धारण गरेका उल्लिखित कार्यभार तथा स्वीकृत वार्षिक कार्यक्रममा आधारित रही आयोगले आफ्ना काम कारबाहीहरू सम्पादन गर्दै आएको छ। आयोगबाट आर्थिक वर्ष २०८०/८१ मा विगत वर्षहरूमा जस्तै चैत्र ७ गते विविध कार्यक्रमहरूको आयोजना सहित आयोगको स्थापना दिवस मनाइयो भने मुस्लिम समुदायको एक महिने रमजान, रोजा (ब्रत) को शुभअवसरमा मधेश प्रदेशका प्रदेश सभाका सभामुख माननीय रामचन्द्र मण्डलज्यूको प्रमुख आतिथ्यतामा मधेश प्रदेशको राजधानी जनकपुरधाममा ईफ्तार कार्यक्रम सम्पन्न गरिएको थियो।

आयोगबाट आर्थिक वर्ष २०८०।८१ मा मुस्लिम महिलाहरूको कार्यक्रम बाँके र पर्सा जिल्लामा तथा मुस्लिम समुदायहरूको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक तथा क्षमता विकास कार्यक्रम सातै प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिएको थियो।

मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउने सरकारको नीतिलाई समेत सहयोग पुऱ्याउन मदरसा शिक्षा समग्र व्यवस्थापनका लागि सर्वस्वीकार्य एकीकृत नीति र मापदण्ड तय गरी लागू गर्न, मुस्लिम समुदायको धार्मिक स्थलहरू (मस्जिद, कब्रिस्तान, इदगाह, कर्वला, मजार) को संरक्षण, संवर्धन र व्यवस्थापन गर्न तथा हलाल प्रक्रियाको बारेमा standard norms बनाउने, हलाल प्रमाणपत्र जारी गर्ने विषयलाई सरलीकृत बनाई यसको विश्वसनीयता कायम गर्न, हलाल प्रक्रियाको नियमन कार्यलाई व्यवस्थित गरी गुणस्तरीय खाद्यवस्तुको उपभोगको सुनिश्चितता र धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताको संवर्धन र संरक्षण गर्ने वातावरण निर्माण गर्ने उद्देश्यले तीनवटै विषयका अलग-अलग कार्यदल गठन गरी सो सम्बन्धी कार्य भइरहेको छ।

राज्यका विभिन्न निकायहरूबाट मुस्लिम समुदायले प्राप्त गर्ने विभिन्न प्रकारका सिफारिश लगायतका अन्य सेवाहरू सरल र सहज रुपमा यथासमयमा उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकायहरूसँग आयोगले समन्वयात्मक र सहजीकरणको भूमिका निर्वाह गर्दै आएको छ।

समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सुनिश्चतताका लागि कानूनी व्यवस्था गर्ने, तीन तहको सरकारबाट विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनु पर्ने, निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण, कुटनीतिक निकाय लगायत अन्य सेवा प्रदान गर्ने क्षेत्रमा नेपाली मुस्लिम समुदायलाई जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्ने देखिन्छ।

अतः मुस्लिम समुदायको हक हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणको लागि समुदायको अधिकार प्रवर्धन, क्षमता विकास र सशक्तीकरण तथा जनचेतनामूलक कार्यक्रमहरू तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन, समुदायभित्रको लैगिंक विभेद तथा हिंसाको न्यूनिकरण गर्न र सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदायको विकास गर्न आयोगले प्रभावकारी भूमिका खेल्न आवश्यक छ।

# विषय सूची

**(परिच्छेद-१)**

**परिचय**


१.१. मुस्लिम समुदायको सामान्य परिचय : ........ १
१.२. आयोगको पृष्ठभूमि: ........ २
१.३. सोच : ........ २
१.४. उद्देश्य : ........ २
१.५. मुस्लिम समुदाय र मुस्लिम आयोग सम्बन्धी संवैधानिक तथा कानूनी विषेश व्यवस्था : ........ ३
१.६. आयोगको काम कर्तव्य र अधिकार : ........ ४


**(परिच्छेद - २)**

**आयोगको प्रशासनिक एवं संगठनात्मक ढाँचा**


२.१. प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमिः ........ ६
२.२. आयोगको संगठनात्मक ढाँचा : ........ ७
२.३. विद्यमान दरबन्दी विवरण : ........ ८
२.४. आयोगका माननीय सदस्यज्यूहरूको कार्य विभाजन: ........ ९


**(परिच्छेद-३)**

**आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत कार्यक्रम र प्रगति विवरण तथा सञ्चालित गतिविधि**


३.१. आर्थिक वर्ष २०८०/०८१ मा बजेट विनियोजन, निकासा र खर्च ........ ११
३.२. कार्यक्रमको वित्तीय, भौतिक प्रगति र सम्पादित मुख्य-मुख्य कार्यहरू: ........ ११
३.३. हकहितको संरक्षणका लागि सम्पादित गतिविधिहरू : ........ १३
३.४. आयोगका सञ्चालन गरिएका कार्यक्रमहरू : ........ १६
३.५. कार्यक्रमबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरू : ........ २४
३.६. आयोगबाट सम्पन्न भएका अन्य गतिविधिहरूको प्रगतिको अवस्था ........ २५


**(परिच्छेद-४)**

**विविध**


४.१. आयोगको बैठकका निर्णयहरू : ........ २७
४.२. आयोगका सिफारिशहरूः ........ ३९
४.३. आयोगका उपलब्धिहरूः ........ ३९

## (परिच्छेद - ५)
## समस्या, सुझाव र निष्कर्ष


५.१. मुस्लिम समुदायभित्र रहेका समस्याहरू : ............ ४१
५.२. मुस्लिम आयोगका समस्याहरू : ............ ४१
५.३. सुझावहरू: ............ ४१
५.४. भावी कार्यदिशा : ............ ४४
५.४. निष्कर्ष : ............ ४५


**अनुसूचीहरू :**


१. आयोगमा कार्यरत कर्मचारीहरूको विवरण ............ ४६
२. मध्यकालीन खर्च संरचना ............ ४७
३. आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम ............ ५३
४. आयोगबाट प्रकाशित शुभकामना र प्रेस विज्ञप्तिहरू ............ ५४
५. राष्ट्रिय जनगणना, २०७८ अनुसार मुस्लिम समुदायको कुल जनसंख्या विवरण............ ५८
६. कार्यक्रमका तस्विरहरू............ ६२

परिच्छेद-१

# परिचय

## १.१ मुस्लिम समुदायको सामान्य परिचयः

"मुस्लिम" शब्द ईस्लाम धर्म अवलम्बन गर्नेसँग सम्बन्धित छ। ईस्लाम र मुस्लिम एक अर्काका पर्यायवाची हुन। "मुस्लिम" एक अरबी शब्द हो। इस्लामको अर्थ एक अल्लाह समक्ष पूर्ण रुपमा आफूलाई समर्पित गर्नु हो। इस्लाम धर्म मान्नेहरूलाई मुस्लिम भनिन्छ, जसले अन्तिम सन्देस्टा हजरत मुहम्मद (स.अ) ले फैलाएको जीवन व्यवस्था (दीन वा धर्म) को पालना गर्दछ र त्यसमाथि आस्थावान हुन्छ। मुस्लिमहरू एक मात्र अल्लाह (ईश्वर) लाई मान्दछन्। यिनीहरू धर्ममा अति निष्ठावान रही अन्तिम पैगम्बर हजरत मोहम्मदको शिक्षा अनुसरण गर्दछन्। इस्लाम धर्मगुरु इमाम, मौलाना, मौलवीको धार्मिक निर्देशनको सबैले पालना गर्दछन्। इस्लाम धर्मको निर्देशन विपरीतको काम कुनैपनि मुसलमानले गर्नु हुँदैन भन्ने बलियो सैद्धान्तिक मान्यता रहेको छ।

मुस्लिम समुदायको जीवनपद्धती सामाजिक, सास्कृतिक प्रचलन, रीतिरिवाज इस्लाम धर्म एवं प्रचलित कानुन तथा ऐन नियममा आधारित रहेको छ। मुस्लिम समुदायमा पाँच स्तम्भको रुपमा (क) तौहीद (कलमा) (ख) नमाज (ग) रोजा (घ) जकात (ङ) हज अनिवार्य मानिन्छ। मस्लिम समुदायले वर्षमा आफनो बचतको २.५ प्रतिशत अनिवार्य रुपले गरीब दीनदुःखीहरूलाई जकात (दान) दिनुपर्ने अनिवार्य व्यवस्था रहेको छ। मुस्लिम समुदायले आफ्नो धार्मिक कार्यका लागि हिज्री संवत्‌लाई प्रयोगमा ल्याएका छन् भने रमजान (रोजा), इद, बकर इद, मोहर्रम, मोहम्मद डे प्रमुख धार्मिक पर्वहरू रहेका छन्। मुस्लिम समुदायको धार्मिक पठनपाठनको भाषा अरबी/उर्दू भाषा भएता पनि नेपालका प्रायः सबै जिल्लामा बसोबास रहेको मुस्लिम समुदायमाझ बोलिने भाषा भौगोलिक अवस्था अनुसार फरक-फरक रहेको पाइन्छ। मुख्यतया उर्दु, मैथिली, भोजपुरी, अवधी, मिया, बज्जिका, नेवारी लगायतका भाषा मुस्लिम समुदायले प्रयोगमा ल्याउने गरेका छन्। मदरसा शिक्षालाई जोड दिने यस समुदायले हाल मदरसा शिक्षामा कुरान, हदिस, अरबी, उर्दु र नेपाली भाषामा पढाइने गरेको पाइन्छ।

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार नेपालमा इस्लाम धर्मावलम्बी मुस्लिमहरूको जनसङ्ख्या १४, ८३,०६६ रहेको छ जुन कुल जनसंख्याको ५.०९ प्रतिशत हुन आउछ। उक्त जनसंख्यामध्ये पुरुषको जनसङ्ख्या ७३२००६ (४९.३६ प्रतिशत) र महिलाको जनसङ्ख्या ७५१०६० (५०.६४ प्रतिशत) रहेको छ। प्रदेशगत रुपमा मुस्लिम समुदायको उपस्थिति र बसोबासको अवस्था हेर्दा सवैभन्दा बढी जनसंख्या क्रमशः मधेश, लुम्बिनी, कोशी, बागमती, गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेको देखिन्छ भने जिल्लागत रुपमा हेर्दा क्रमशः रौतहट, कपिलवस्तु, बाँके, बारा, र सुनसरी लगायतका जिल्लामा बढी जनसंख्या रहेको देखिन्छ। नेपालको भौगोलिक अवस्थिति, प्रदेश तथा जिल्लागत जनसंख्याको विस्तृत विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ।

## १.२ आयोगको पृष्ठभूमिः

पहिचान र अधिकार प्राप्तिको लामो संघर्ष पछि २०७२ सालमा जारी भएको वर्तमान नेपालको संविधानले मुस्लिम समुदायलाई छुट्टै पहिचान प्रदान गरेको छ र यस समुदायको हकहितको लागि संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था गरेको छ। नेपालको संविधानको भाग-२७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोग रहने जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्यहरू रहने व्यवस्था रहेको छ। आयोगका अध्यक्ष र सदस्यहरू संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिद्वारा नियुक्ति हुने व्यवस्था, अध्यक्ष तथा सदस्यहरूको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवा शर्तहरू तथा आयोगको काम कर्तब्य र अधिकार सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने विषय समेत संविधानको सोही धारामा उल्लेख गरिएको छ।

उल्लेखित संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि मुस्लिम आयोग ऐन, २०७४ जारी भई कार्यन्वयनमा रहेको छ। सो ऐनको प्रस्तावनामा मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरण गर्ने जस्ता महत्त्वपूर्ण विषयहरू समेटिएका छन् भने ऐनको दफा ७ ले आयोगको काम, कर्तब्य र अधिकारको व्यवस्था गरेको छ। आयोगको मुख्य कार्य मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु रहेको छ।

उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था कार्यान्वयन गरी मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५।१२।७ गते आयोगको अध्यक्ष पदमा माननीय समिम मियाँ अन्सारी तथा मिति २०७७/१०/२१ गते सदस्य पदमा माननीय महमदिन अली, माननीय मिर्जा अरशद बेग र मिति २०७८।०३।१० गते माननीय समशुल हक सदस्य पदमा नियुक्ति भई विधिवत रुपमा मुस्लिम आयोग गठन भयो।

नेपालको सन्दर्भमा मुस्लिम समुदाय मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा पछाडि रहेको छ। यस समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि शिक्षा, स्वास्थ्य सेवामा सहज पहुँचको अवसर सिर्जना, क्षमता विकास, तथा सीप विकास सम्वन्धी तालिम, रोजगारी लक्षित कार्यक्रम तथा सार्वजनिक क्षेत्रको रोजगारीमा पहुँच, मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र सम्बर्द्धनको साथै लैङ्गिक विभेद तथा हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न अत्यावश्यक रहेको छ। यसको लागि तीनै तहका सरकारहरूले मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक एवं साँस्कृतिक विकास र उत्थानको लागि विशेष लक्षित नीति तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## १.३ सोचः

सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदाय।

## १.४ उद्देश्यः

- मुस्लिम समुदायको इतिहास र सँस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्ने,

- मुस्लिम समुदायको आर्थिक, सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,
- मुलुकमा उपलब्ध स्रोत तथा साधनहरूमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्ने,
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र संवर्धन गर्ने,
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्ने।

## १.५ मुस्लिम समुदाय र मुस्लिम आयोग सम्बन्धी संवैधानिक तथा कानूनी विषेश व्यवस्थाः

### १.५.१ संवैधानिक व्यवस्थाः

☛ नेपालको संविधानको धारा १८ (समानताको हक) को उपधारा (३) मा "राज्यले नागरिकहरूकाबीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन" भन्ने व्यवस्था रहेको छ भने सोही धाराको प्रतिबन्धात्मक वाक्यांशमा "तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था गरी मुस्लिम समुदायको संरक्षण, वा विकासका लागि कानुनमा विशेष व्यवस्था गर्न सकिने मार्ग संविधानले निर्दिष्ट गरेको छ।

☛ नेपालको संविधानको धारा ४२ (सामाजिक न्यायको हक) को उपधारा (१) मा "सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ" भन्ने व्यवस्था गरी मुस्लिम समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायहरूमा सहभागिताको हक प्रदान गरेको छ।

☛ नेपालको संविधानको धारा ५१ (राज्यका नीतिहरू) को खण्ड (ज) को (सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति) को उपखण्ड (१०) मा "मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने" नीतिगत व्यवस्था रहेको छ।

☛ नेपालको संविधानको धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था गरी उपधारा (१) देखि उपधारा (४) सम्म देहायबमोजिमको व्यवस्था गरिएको छः-

➢ नेपालमा एक मुस्लिम आयोग रहनेछ जसमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहनेछन्।

➢ राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिशमा मुस्लिम आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

➢ मुस्लिम आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

- ➢ मुस्लिम आयोगका अध्यक्ष र सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवा शर्तहरू र त्यस्तो आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था संघीय कानुन बमोजिम हुनेछ।

- ☛ नेपालको संविधानको धारा २६७ (नेपाली सेना सम्बन्धी व्यवस्था) को उपधारा (३) मा "नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानुन बमोजिम सुनिश्चित गरिनेछ" भन्ने व्यवस्था रहेको छ।

## १.५.२ कानूनी व्यवस्थाः

- ➢ मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि मुस्लिम आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न मुस्लिम आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ।
- ➢ मुस्लिम आयोगको आचारसंहिता, २०७६, आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ र आन्तरिक व्यवस्थापन निर्देशिका, २०७७ कार्यान्वयनमा रहेका छन्।

## १.६ आयोगको काम कर्तब्य र अधिकारः

नेपालको संविधानको भाग २७, धारा २६४ तथा मुस्लिम आयोग ऐन, २०७४ दफा ७ अनुसार आयोगको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः-

(क) मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ख) मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको शसक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ग) मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(घ) मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने।

(ङ) मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने।

(छ) मुस्लिम समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

(ज) मुस्लिम समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(झ) मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन तथा त्यस्तो समुदायको को सशक्तीकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(ञ) सबै प्रकारको शोषणको अन्त्य गर्न र मुस्लिम समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने।

(ट) मुस्लिम समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने।

(ठ) मुस्लिम समुदायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

(ड) मुस्लिम समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मुस्लिम समुदायको भौतिक, अभौतिक संस्कृतिको संरक्षण र संवर्धनका लागि जिवित सङ्ग्रहालय स्थापना तथा उद्‌गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र संवर्धनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने।

(ण) मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।

(त) मुस्लिम समुदायको पिछडिएको अवस्था र हालको शैक्षिक, राजनैतिक, सामाजिक तथा आर्थिक दुरावस्थाको अध्ययन अनुसन्धान गरी समुदायको विकासका लागि नेपाल सरकारलाई सुझाव दिने।

(थ) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने।

(द) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने।

परिच्छेद - २

# आयोगको प्रशासनिक एवं संगठनात्मक ढाँचा


## २.१ प्रशासन र संगठन सम्बन्धी पृष्ठभूमिः

मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि नेपालको संविधानको भाग २७, धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई सञ्चालनमा रहेको। संविधानमा व्यवस्था भए बमोजिम मुस्लिम आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था रहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०३/०८ को निर्णयानुसार मुस्लिम आयोगको पुनर्संरचना पश्चात् संगठन संरचना र दरबन्दी स्वीकृत भएको थियो। उक्त निर्णयबाट स्वीकृत संगठन संरचना अनुसार आयोगमा एक जना सचिव (रा.प. विशिष्ट श्रेणी) रहने गरी प्रशासन तथा योजना र अधिकार प्रबर्द्धन तथा सशक्तीकरण गरी दुई शाखा रहने गरी सो मातहतमा कर्मचारी व्यवस्थापन गरिएको थियो। मिति २०७५/११/१९ मा जारी भएको केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले विशिष्ट श्रेणीको सचिव पदको सट्टा रा. प. प्रथम श्रेणीको सचिव पद कायम गरिएको थियो। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०८/३० को निर्णयानुसार नयाँ दरबन्दी स्वीकृति भई कर्मचारीहरूको साविक दरबन्दीमा कटौती गरी राजपत्रांकित प्रथम श्रेणीको सचिव पद सहित १३ स्थायी स्वीकृत दरबन्दी कायम भएको छ।

## २.२ आयोगको संगठनात्मक ढाँचाः

नेपालको संविधानको भाग २७, धारा २६४ र मुस्लिम आयोग ऐन, २०७४ अनुसार संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको गठन भएको र आयोग सञ्चालनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/८/३० को निर्णयानुसार नयाँ संगठन संरचना सहित स्वीकृत दरबन्दी विवरण देहाय अनुसार रहेको छः-




पुनश्चः

- अध्यक्ष, सदस्यहरू र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरू प्रशासन शाखाबाट खटाउन सकिनेछ।
- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरू (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।

- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- आयोगका पदाधिकारी/सदस्यहरू नियुक्त भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन) २ दुई जना सदस्यलाई १ (एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- कम्प्युटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिनेछ।
- स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्यसञ्चालन गर्न सकिनेछ।

## २.३ विद्यमान दरबन्दी विवरणः

आयोगको स्वीकृत दरबन्दी संरचना अनुसार स्थायी दरबन्दी संख्या कुल १३ र अस्थायी दरबन्दी संख्या १३ सहित कुल दरबन्दी संख्या २६ रहेको छ। आयोगको विद्यमान स्थायी दरबन्दीको विस्तृत विवरण तालिका नं. १ र अस्थायी दरबन्दीको विस्तृत विवरण तालिका नं. २ मा उल्लेख गरिएको छ।

**तालिका नं. १**
**स्थायी दरबन्दी र पदपूर्ति**

| क्र.सं. | पद नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | | | १ | |
| २ | उपसचिव | रा.प.द्धितीय | प्रशासन | सा.प्र. | | १ | |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | | २ | |
| ४ | नायव सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | | २ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | | १ | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | | १ | करार |
| ७ | हलुका सवारी चालक | श्रेणीविहिन | | | | २ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | | ३ | |
| जम्मा | | | | | | १३ | |

**तालिका नं.२**
**अस्थायी दरबन्दी र पदपूर्ति**

| क्र.सं. | पद/श्रेणीको विवरण | स्वीकृत दरबन्दी | कार्यरत कर्मचारीको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | निजी सहायक/रा.प.अनं. प्रथम श्रेणी | ५ | ४ | करार सेवा |
| २ | हलुका सवारी चालक श्रेणीविहिन | ५ | ४ | करार सेवा |
| ३ | कार्यालय सहयोगी श्रेणीविहिन | ३ | ३ | करार सेवा |
| जम्मा | | १३ | ११ | |

यस आयोगमा कम्प्यूटर अपरेटरको पद बाहेक सबै स्थायी दरबन्दीका पदहरू पूर्ति भएका छन्। अस्थायी दरबन्दीतर्फ माननीय अध्यक्ष र माननीय सदस्यहरूको निजी सहायक चार जना, हलुका सवारी चालक चार जना, कार्यालय सहयोगी तीन जना गरी ११ जना कार्यरत रहेका छन् भने यस आयोगको दैनिक सरसफाइका लागि एक जना स्वीपर सेवा करार गरिएको छ। आयोगमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

## २.४ आयोगका माननीय सदस्यज्यूहरूको कार्य विभाजनः

मुस्लिम आयोग ऐन, २०७४ को दफा १५ बमोजिम आयोगको बैठक संख्या ५५ मिति २०७८ भदौ ९ गते बसेको बैठकको निर्णयबाट गरिएको माननीय सदस्यज्यूहरूको कार्य विभाजन देहाय अनुसार रहेको छः-

(क) माननीय सदस्य महमदिन अलीज्यूको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः

१) आयोगमा परेका उजुरीहरूको छानविन तथा खाका सहित आयोगमा तोकिएको समयावधिमा प्रतिवेदन पेश गर्ने।

२) मुस्लिम समुदायको थर सूचीकृतलाई अद्यावधिक बनाउनका लागि पहल गर्ने र आवधिक रुपमा अद्यावधिक सूची तयार गरी तोकिएको समयमा आयोगमा पेश गर्ने।

३) स्वास्थ्य, आर्थिक तथा सशक्तीकरणको विषयमा आवश्यक समन्वय र पहल गर्ने।

४) अन्य कार्यहरूः

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समीक्षा मूल्याङ्कन गर्ने।

(ख) माननीय सदस्य मिर्जा अरशद बेगज्यूको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः

१) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने र प्रगति आयोगको बैठकमा पेश गर्ने।

२) मुस्लिम समुदायको भौतिक अभौतिक संस्कृतिको संरक्षण र संवर्धनका लागि जीवित संग्रहालय स्थापना तथा उद्गमस्थलको खोज अनुसन्धान गरी सम्भाव्य विकल्पहरूको खाका पेश गर्ने।

३) सामाजिक विषयहरूमा आवश्यक समन्वय र पहल गर्ने।

४) अन्य कार्यहरूः

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समिक्षा मूल्याङ्कन गर्ने।

(ग) माननीय सदस्य मोहम्मद समशुल हकज्यूको विषयगत एवं भौगोलिक कार्यक्षेत्रः

१) नेपाल सरकार तथा अन्य संघ संस्थाले मुस्लिम समुदायको लागि सञ्चालन गरेका कार्यक्रमहरूको प्रगति माग गर्ने, संघ संस्थासँग समन्वय गर्ने।

२) मुस्लिम समुदायको शिक्षा तथा मदरसाको विषयमा आवश्यक समन्वय र पहल गर्ने।

३) कब्रिस्तान, इदगाह सम्बन्धी विषयहरूमा समन्वय र पहल गर्ने ।

४) अन्य कार्यहरूः

- आफ्नो क्षेत्र तोकिएको विषयमा अध्ययन अनुसन्धान सम्बन्धी कार्यको नेतृत्वदायी भूमिका निर्वाह गर्ने।
- तोकिएको विषयको नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी प्रतिवेदन आयोगमा पेश गर्ने।
- तोकिएको विषयमा भइरहेको नीतिगत, कानूनी तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझावको खाका पेश गर्ने।
- तोकिएको विषयमा नेपाल सरकार र अन्य तोकिएको संघ संस्थाहरूले सञ्चालन गर्ने अनुगमन तथा कार्यक्रमहरूको समिक्षा मूल्याङ्कन गर्ने।

परिच्छेद-३

# आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत कार्यक्रम र प्रगति विवरण तथा सञ्चालित गतिविधि

### ३.१ आर्थिक वर्ष २०८०/०८१ मा बजेट विनियोजन, निकासा र खर्च

आर्थिक वर्ष २०८०/८१ मा आयोगलाई नेपाल सरकारबाट चालु खर्च रु. ४,०१,००,०००।- (चार करोड एक लाख रुपैयाँ) र पुँजीगत रु. २२,००,०००।- (बाइस लाख) गरी कुल बजेट रु. ४,२३,००,०००।- (चार करोड तेईस लाख) विनियोजन भएकोमा चालु खर्चतर्फ रु. २,८३,०२,५५१।३५ र पुँजीगततर्फ रु. २,५८,५७५।- खर्च भएको छ। विनियोजित बजेट र खर्चको विस्तृत विवरण तालिका नं. ३ मा देखाइएको छ।

**तालिका नं. ३**
**आर्थिक वर्ष २०८०।८१ मा भएको बजेट विनियोजन, निकासा र खर्चको अवस्था**

| क्र.स. | शिर्षक | बजेट उप शिर्षक | विनियोजित बजेट(रु. हजारमा) | खर्च(रु.हजारमा) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चालु खर्च पदाधिकारी | २३४००००१३ | ८५०० | ६९६२.४३७६ | ८१.९१ | |
| २. | चालु खर्च कार्यालय | २३४०००११३ | ३१६०० | २१३४०.११३७५ | ६७.५३ | |
| ३. | पुँजीगत खर्च | २३४०००११४ | २२०० | २५८.५७५ | ११.७५ | |
| जम्मा | | | ४२३०० | २८५६१.१२६ | ६७.५२ | |

## ३.२ कार्यक्रमको वित्तीय, भौतिक प्रगति र सम्पादित मुख्य-मुख्य कार्यहरू:

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (द) मा आयोगले वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने कानूनी व्यवस्था भए बमोजिम आयोगको वैठकबाट कार्यक्रम स्वीकृत भई सञ्चालन भएका कार्यक्रम र प्रगति विवरणहरूलाई यस परिच्छेदमा समावेश गरिएको छ। यस आयोगबाट मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा एवं उक्त समुदायको उत्थान र विकास गर्न आयोगलाई प्राप्त बजेटको सीमा, उपलब्ध स्रोत र साधनको परिधिभित्र रही आयोगबाट सञ्चालन भएका कार्यक्रमहरू देहाय बमोजिम रहेका छन्-

**आर्थिक वर्ष २०८०।०८१ मा स्वीकृत कार्यक्रमहरूको वित्तीय एवं भौतिक प्रगति र सम्पादित मुख्य-मुख्य कार्यहरू**

| क्र.सं. | मुख्य कार्यक्रम | इकाई | परिमाण | दर | जम्मा | जम्मा खर्च (रु हजारमा) |
|---|---|---|---|---|---|---|
| १ | बार्षिक दिवस तथा प्रतिवेदन कार्यक्रम खर्च | पटक | १ | ५२६ | ५२६ | ५१९.६७ |
| २ | लोकसेवा तयारी कक्षा | पटक | १ | १००० | १००० | |
| ३ | मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम | पटक | २ | २०० | ४०० | ३४०.८३ |
| ४ | मुस्लिम समुदायको आर्थिक सामाजिक साँस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण तथा क्षमता विकास | पटक | १० | २३६.२ | २३६२ | १४३.५६६ |
| ५ | मस्जिद, मदरसा, कब्रिस्तान, इदगाह, मजार र मुस्लिम संघ संस्थाहरको निरिक्षण तथा अनुगमन | पटक | १२ | २५ | ३०० | १७६.४४९ |
| ६ | विभिन्न आयोग, संघ, संस्था तथा सञ्चार माध्यमसँग अन्तरक्रिया र छलफल कार्यक्रम | पटक | १ | ११२ | ११२ | |
| ७ | मुस्लिम समुदायको सामाजिक समावेशीकरणको अवस्था सम्बन्धी अध्ययन | पटक | १ | ५०० | ५०० | |
| ८ | मुस्लिम आयोगको नियमावली/ कार्यविधि तर्जुमा | पटक | १ | २०० | २०० | |
| ९ | मुस्लिम राष्ट्रिय नीति प्रकाशन | पटक | १ | २०० | २०० | |
| १० | मदरसा शिक्षा कानुन तर्जुमा | पटक | १ | ३०० | ३०० | |
| ११ | संघप्रदेश र स्थानीय तहमा मुस्लिम समुदायको राजनीतिक सहभागिता सम्बन्धी अध्ययन अनुसन्धान | पटक | १ | ५०० | ५०० | |
| १२ | स्वास्थ्यको क्षेत्रमा मुस्लिम महिलाको अवस्था र पहुँच सम्बन्धी अध्ययन | पटक | १ | ५०० | ५०० | |
| १३ | ईफ्तार कार्यक्रम | पटक | १ | ४०० | ४०० | २९९.७३ |
| | कुल जम्मा | | ३४ | | ७३०० | १५६२.४२ वित्तीय प्रगति प्रतिशतमा (२१.४०%) |

## ३.३ मुस्लिम समुदायको हकहितको संरक्षणका लागि सम्पादित गतिविधिहरूः

**उजुरी**

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (ठ) मा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत मुस्लिम समुसायको अधिकार उलङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी संकलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा विभिन्न माध्यमबाट कूल ३ वटा उजुरी प्राप्त भएका छन्। आयोगमा प्राप्त हुन आएका उजुरीहरू विभिन्न माध्यमबाट संकलन गर्ने, दर्ता गर्ने, आयोग समक्ष पेश गर्ने, आवश्यक छलफल गर्नुपरेमा आयोगको बैठक बसी छलफल गर्ने र उजुरीको कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने कार्य सम्पन्न भएको छ। यस सम्बन्धी विस्तृत विवरण देहायानुसार प्रस्तुत गरिएको छः

| दर्ता नं. | उजुरीको मिति | उजुरी कर्ता | माध्यम | उजुरीको विषय | कैफियत |
|---|---|---|---|---|---|
| | २०८०/११/०२ | हजरत उमर फारुक ट्रष्ट | प्रत्यक्ष | आवश्यक निर्देशन सम्बन्धमा | |
| २. | २०८१/०३/१० | अब्दुल हफिज समेत | प्रत्यक्ष | आवश्यक कारबाही गरिपाऊँ | |
| ३. | २०८१/०३/२४ | सदिक कवारी समेत | हुलाक | शान्ति सुरक्षा कायम गराई निर्णय गराई पाउँ | |

**अनुगमनका कार्यक्रमहरू**

मुस्लिम आयोग ऐन, २०७४ मा भएको मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था अनुसार मुस्लिम समुदायको समग्र स्थितिको अध्ययन गरी सो सम्बन्धमा गर्नुपर्ने नितिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्न आयोगबाट विभिन्न समयमा नेपालको विभिन्न जिल्लाहरूमा अनुगमनात्मक कार्य सम्पन्न भएका छन्। मुस्लिम समुदायको जनजिविकाका सवाल र मुस्लिम समुदायको समग्र अवस्थाको अनुगमन गर्ने क्रममा विभिन्न सुझावहरू प्राप्त गरी ति विषयहरूलाई गम्भिरता पुर्वक आयोगले मनन गरी समम्बन्धित निकायमा समस्या समाधानको लागि सिफारिस गर्ने गरेको छ।

मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ (ण) अनुसार मुस्लिम समुदायको हकहितको संरक्षण, सम्बर्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको अनुगमन भएको थियो। आयोगबाट भएका अनुगमन सम्बन्धी विवरण देहायानुसार छन्।

**माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूले**

| क्र.सं. | मिति | जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १. | २०८०/०७/२१ | सप्तरी | मदरसा अनुगमन | मदरसा शिक्षामा सेखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउन आवश्यक विषयवस्तुको जानकारी प्राप्त |
| २. | २०८०/०८/२४ | मोरङ र सुनसरी | मदरसा अनुगमन | मदरसाहरूको वास्तविक अवस्थाको जानकारी प्राप्त |
| ३. | २०८०/०९/२९ | कपिलवस्तु | मस्जिद अनुगमन | मुस्लिम समुदायका धार्मिक स्थल मस्जिदहरूको समस्या पहिचान भएको |
| ४. | २०८०/११/११ | कपिलवस्तु | मदरसा अनुगमन | मदरसाहरूको समस्या पहिचान भएको |
| ५. | २०८०/१२/२५ | रुपन्देही | कब्रिस्तान, इदगाह अनुगमन | मुस्लिम समुदायसँग सम्बन्धित कब्रिस्तान, इदगाहको वास्तविक अवस्था जानकारी भएको |
| ६. | २०८१/०१/१२ | सुनसरी | मदरसा अनुगमन | मदरसाहरूको वास्तविक अवस्थाको जानकारी भएको |
| ७. | २०८१/०१/२७ | कास्की | मुस्लिम समुदायको आर्थिक, सामाजिक अवस्थाको अनुगमन | मुस्लिम समुदायमा आर्थिक, सामाजिक लागायत विविध अवस्थाहरूको वास्तविक अवस्थाको जानकारी भएको। |
| ८. | २०८१/०२/०३ | पर्सा | मदरसा अनुगमन | मदरसाहरूको वर्तमान स्थितिको जानकारी भएको। |

## माननीय सदस्यज्यूहरूले गर्नुभएको अनुगमन विवरण

| क्र.सं. | मिति | जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १. | २०८०/०४/२२ | कपिलवस्तु | मदरसा अनुगमन | मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउन आवश्यक विषयवस्तुको जानकारी प्राप्त |
| २. | २०८०/०७/०१ | अर्घाखाँची | मस्जिद अनुगमन | मुस्लिम समुदायका धार्मिक स्थल मस्जिदहरूको समस्या पहिचान भएको |
| ३. | २०८०/०८/२४ | स्याँङ्जा | कब्रिस्तान, इदगाह अनुगमन | मुस्लिम समुदायसँग सम्बन्धित कब्रिस्तान, इदगाहको वास्तविक अवस्था जानकारी भएको |
| ४. | २०८०/०९/१२ | सर्लाही | मदरसा अनुगमन | मदरसाहरूको वास्तविक अवस्थाको जानकारी भएको |
| ५. | २०८०/१०/१२ | पाल्पा, कपिलवस्तु र नवलपरासी पुर्व | मुस्लिम समुदायको आर्थिक, सामाजिक अवस्थाको अनुगमन | मुस्लिम समुदायमा आर्थिक, सामाजिक लागायत विविध अवस्थाहरूको वास्तविक अवस्थाको जानकारी भएको। |
| ६. | २०८०/१२/२५ | धनुषा | मदरसा अनुगमन | मदरसाहरूको वास्तविक अवस्थाको जानकारी भएको |
| ७. | २०८१/०१/२५ | बाँके | कब्रिस्तान, इदगाह अनुगमन | मुस्लिम समुदायसँग सम्बन्धित कब्रिस्तान, इदगाहको वास्तविक अवस्था जानकारी भएको |

## आयोगका कर्मचारीहरूबाट गरिएको अनुगमन

| क्र.सं. | मिति | जिल्ला | अनुगमनको विषय | उपलब्धी |
|---|---|---|---|---|
| १. | २०८०/०८/१९ | रुपन्देही र दाङ | मदरसा अमुगमन | मदरसा शिक्षाको अवस्था र समाजमा प्रभाव को जानकारी भएको। |
| २. | २०८१/०२/३१ | कास्की र तनहुँ | मुस्लिम समुदायका धार्मिक संरचानहरूको अनुगमन | मस्जिदहरूको ताजा अवस्था जानकारी भएको। |

## ३.४ आयोगबाट सञ्चालन गरिएका कार्यक्रमहरू

नेपालको संविधानको भावनाको मूल मर्मअनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मुस्लिम आयोगले स्थापना कालदेखि नै मुस्लिम समुदायको हकहितको निम्ति कार्य गर्दै आइरेहको छ। राजनितिक, आर्थिक, सामाजिक र प्रशासनिक हिसाबले बहिष्करणमा परेका र राज्यको मूल प्रवाहमा आउन नसकेका मुस्लिम समुदायको सशक्तीकरण गरी राज्यको मूल प्रवाहमा ल्याउन क्षमता विकास तथा सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। समावेशीकरणको माध्यमबाट राज्यको मूल प्रवाहमा ल्याउन यस्ता कार्यक्रमहरूले विशेष योगदान गरेका छन्। यस अन्तर्गत मुस्लिम आयोग ऐन, २०७४ को दफा ७ को खण्ड (झ) मा व्यवस्था भए बमोजिम मुस्लिम समुदायको हकहितको संरक्षण र सम्बर्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मुस्लिम समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई रुपान्तरण, सचेतीकरण, सञ्चारीकरण र प्रसारीकरणको माध्यमबाट मूलधारमा ल्याउने उद्देश्यले देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरिएको थियो।

## मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम

**१. कार्यक्रम सम्पन्न स्थानः नेपालगञ्ज, बाँके।** **मितिः वि.सं. २०८१ बैशाख २७ गते**

**उपस्थितिः**

मिति २०८१ बैशाख २७ गते बाँके जिल्लाको नेपालगञ्जमा मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा यस आयोगका माननीय सदस्यहरू महमदिन अली र मोहम्मद समशुल हकज्यूको आतिथ्यता रहेको थियो। त्यस्तै मानव अधिकार आयोगका पूर्व सदस्य माननीय मोहना अन्सारीज्यूको पनि आतिथ्यता रहेको थियो। नेपालगञ्ज उपमहानगरपालिकाका उप प्रमुख श्री कमरुद्दीन राई, बाँके जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी, फातिमा फाउण्डेशन नेपालका कोषाध्यक्ष श्री सुबेदा फरहीन लगायत यस आयोगका कर्मचारीहरूको उपस्थिति रहेको थियो। मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, मुस्लिम आयोगले आगामी दिनहरूमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गर्ने जस्ता उद्देश्य राखेर कार्यक्रम सञ्चालन गरिएको थियो।

**कार्यक्रमसम्बन्धी जानकारीः**

कार्यक्रममा मानव अधिकार आयोगका पूर्व सदस्य माननीय मोहना अन्सारीज्यूले मुस्लिम महिलाको सशक्तीकरण एवं मानव अधिकार बिषयमा कार्यपत्र प्रस्तुती गर्नु भएको थियो। कार्यक्रममा उपस्थित मुस्लिम महिलाहरूबाट समुदायका समस्या, अपेक्षा र आयोगले आगामी दिनमा मुस्लिम महिला समुदायको आर्थिक सामाजिक शैक्षिक तथा राजनीतिक सशक्तीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियाकलाप बारे सुझाव प्राप्त भएको थियो साथै निम्न बुँदाहरूमा आवश्यक व्यवस्थाको लागि माग गरिएको।

- ➢ मुस्लिम महिला समुदायको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरणको लागि आवश्यक व्यवस्था हुन्।
- ➢ नीति निर्माणमा मुस्लिम महिला समुदायको प्रतिनिधित्व अनिवार्य गराउन।

➢ मदरसा शिक्षाको समकक्षता, मस्जिद मदरसा संरक्षण, संवर्दन र व्यवस्थापनमा जोड दिन।

➢ मुस्लिम महिला समुदायले व्यवहारिक र सीपमूलक शिक्षा व्यवस्था गर्न।

**२. कार्यक्रम सम्पन्न स्थानः विरगञ्ज, पर्सा। मितिः वि.सं. २०८१ असार ९ गते।**

**उपस्थितिः**

मिति २०८१ आषाढ ९ गते पर्सा जिल्लाको विरगञ्जमा मुस्लिम महिला कार्यक्रम मुस्लिम आयोगका माननीय सदस्यम मिर्जा अरशद वेगज्यूको अध्यक्षतामा, माननीय सदस्य मोहम्मद समशुल हकज्यूको उपस्थिति, राष्ट्रिय मानव अधिकार आयोगकी पूर्व सदस्य माननीय मोहना अन्सारी, पर्सा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुषालज्यूको आतिथ्यता, जिल्ला प्रहरी कार्यालयका पर्साका प्रहरी उपरिक्षक, राष्ट्रिय अनुसन्धान कार्यालय पर्साका अनुसन्धान अधिकृत, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी निरीक्षक तथा मुस्लिम अधिकारकर्मी करीमा बेगम र मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघ संस्थाका प्रमुख तथा मुस्लिम विज्ञ, पत्रकार तथा मुस्लिम समुदाय लगायत मुस्लिम आयोगका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भयो।

## कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः

मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, जनसंख्याको आधारमा मुस्लिम महिला समुदायको लागि कार्यक्रम/बजेटको व्यवस्थान गर्न अनुरोध गर्ने, मुस्लिम आयोगले आगामी दिनहरूमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गर्ने जस्ता उद्देश्य राखेर कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा मुस्लिम आयोगको काम कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधिको जानकारी गराउँदै मुस्लिम समुदायको आर्थिक सामाजिक साँस्कृतिक पक्षहरूमा जनचेतनामूलक साथै आयोगको भावी कार्यदिशा सम्बन्धमा मानव अधिकार आयोगका पूर्व सदस्य माननीय मोहना अन्सारीज्यूले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा उपस्थित मुस्लिम महिला समुदायबाट मुस्लिम समुदायको समस्या, अपेक्षा र आयोगले आगामी दिनमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक सशक्तीकरणका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलाप बारे सुझाव प्राप्त भएको थियो।

मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम

**१. कार्यक्रम सम्पन्न स्थानः धनगढी, कैलाली। मितिः वि.सं. २०८१ जेष्ठ ८ गते।**

**उपस्थितिः**

सुदुरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको धनगढीमा मिति २०८१ जेष्ठ ८ गते यस आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्युको अध्यक्षता तथा सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय नजिर मियाँज्यूको प्रमुख आतिथ्यता, कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री धमेन्द्र कुमार मिश्रज्यूको आतिथ्यता, मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा

सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा यस आयोगका माननीय सदस्यज्यूहरू महमदिन अली, मिर्जा असरद बेग र मोहमद समशुल हकको पनि उपस्थिति रहेको थियो। साथै यस आयोगका कर्मचारीहरूको पनि उक्त कार्यक्रममा उपस्थिति रहेको थियो।

**कार्यक्रमसम्बन्धी संक्षेपमाः**

यस आयोगका माननीय सदस्य महमदिन अलीज्यूले कार्यक्रमको सञ्चालन गर्दै कार्यक्रमको शुरुवात गर्नुभयो। मुस्लिम समुदायको समग्र विकासको लागि मुस्लिम समुदायको आर्थिक, सामाजिक रुपान्तरणका लागि पहल गर्नु, मुस्लिम समुदायको ऐतिहासिक धरोहर एवं भाषा लिपिको संरक्षण गर्नु, मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक तथा साँस्कृतिक पक्षमा भएका समस्या र तिनको समाधानका लागि नीतिगत, कानूनी र संरचनागत व्यवस्था सम्बन्धमा पहल गर्ने, मदरसा शिक्षाको स्तरोन्नति मुस्लिम समुदायको आर्थिक, सामाजिक एवं साँस्कृतिक विकासका लागि रणनीतिक कार्ययोजना तयार लगायतका विविध विषयहरूमा राय सुझावहरू प्राप्त गर्ने, सरोकार पक्षहरूबाट प्रतिवद्धता प्राप्त गर्ने जस्ता उद्देश्यमा आधारित भइ कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट आयोग प्रतिको अपेक्षा र आयोगले आगामी दिनमा सञ्चालन गर्नुपर्ने कार्यक्रमका सम्बन्धमा प्राप्त सुझावहरूः

- ➢ नीति निर्माणमा मुस्लिम समुदायको प्रतिनिधित्वको अनिवार्य गराउन आग्रह।
- ➢ मुस्लिम समुदायको पहिचान सहितको स्पष्ट तथ्यांकको लागि पहल गर्न।
- ➢ मदरसा शिक्षाको समकक्षता, मस्जिद, मदरसा संरक्षण तथा कब्रिस्थानको व्यवस्थाका लागि जोड दिन माग।
- ➢ हज कमिटीमा हुने गरेको अनियमितता रोक्न आयोगको भूमिका प्रभावकारी बनाउनु पर्ने।
- ➢ समुदायले व्यवहारीक र सीपमूलक शिक्षा पाउनुपर्ने।

**२. कार्यक्रम सम्पन्न स्थानः विरेन्द्रनगर, सुर्खेत ।** **मितिः वि.सं. २०८१ जेष्ठ ९ गते ।**

**उपस्थितिः**

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि आ.व.२०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत कर्णाली प्रदेशको सुर्खेत जिल्लामा मिति २०८१ जेष्ठ ९ गते यस आयोगका माननीय अध्यक्षज्यूको अध्यक्षता तथा कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय यामलाल कँडेलज्यूको प्रमुख आतिथ्यता, मुस्लीम आयोगका सदस्यहरू माननीय महमदिन अली, माननीय मिर्जा असरद बेग र माननीय मोहमद समशुल हक, सुर्खेत जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शंकर हरि आचार्य, यस आयोगका कर्मचारीहरू एवं मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा मुस्लिम समुदायको उपस्थितिमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विषयमा क्षमता विकास तथा सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधि र हालसम्मका उपलब्धिहरूको जानकारी गराइएको साथै कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट समुदायको हकहितको विषयमा विभिन्न सुझावहरू प्राप्त भएका थिए जसलाई बुँदागत रुपमा देहायबमोजिम उल्लेख गरिएको छ।

- कब्रिस्तान, इदगाह लगायतका स्थानहरूको लागि जग्गाको अभाव भएकोले राज्यको तर्फबाट व्यवस्थापकीय पहल चाल्नुपर्ने माग राखिएको।
- नीति निर्माणमा मुस्लिम समुदायको प्रतिनिधित्वलाई अनिवार्य गराउन जोड दिएको।
- मुस्लिम समुदायको साँस्कृतिक धरोहरहरूको उचित व्यवस्थापनका लागि आग्रह गरिएको।
- मदरसा शिक्षाको समयोचित व्यवस्थापन तथा प्रभावकारिता बढाउन जोड दिइएको।

**३. कार्यक्रम सम्पन्न स्थानः लुम्बिनी, रुपन्देही । मितिः वि.सं. २०८१ जेष्ठ २१ गते।**

**उपस्थितिः**

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवद्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि आ.व. २०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशको रुपन्देही जिल्लाको लुम्बिनीमा मिति २०८१ जेष्ठ २१ गते यस आयोगका माननीय कार्यवाहक अध्यक्ष महमदिन अलीज्यूको अध्यक्षता, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति श्री प्रोफेसर डा. सुवर्णलाल बज्राचार्यज्यूको विशेष आतिथ्यता, मुस्लिम आयोगका सदस्य माननीय मिर्जा अरशद बेगज्यूको आतिथ्यता, लुम्बिनी साँस्कृतिक नगरपालिकाका उपप्रमुख श्री कल्पना हरिजनज्यूको आतिथ्यता, यस आयोगका कर्मचारीहरू एवं मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा मुस्लिम समुदायको उपस्थितिमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विषयमा क्षमता विकास तथा सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधि र हालसम्मका उपलब्धिहरूको जानकारी गराइएको साथै कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट समुदायको हकहितको विषयमा विभिन्न सुझावहरू प्राप्त भएका थिए।

**४. कार्यक्रम सम्पन्न स्थानः विजयनगर गाउँपालिका, कपिलवस्तु । मितिः वि.सं. २०८१ जेष्ठ २२ गते ।**

**उपस्थितिः**

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवद्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि आ.व. २०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको विजयनगर गाउँपालिकाको सभाहलमा मिति

२०८१ जेष्ठ २२ गते यस आयोगका कार्यवाहक अध्यक्ष माननीय महमदिन अलीज्यूको अध्यक्षता, यस आयोगका माननीय सदस्य मिर्जा अरशद बेगज्यूको प्रमुख आतिथ्यता, विजयनगर गाउँपालिकाका अध्यक्ष श्री गोपाल बहादुर थापा मगरज्यूको आतिथ्यता, विजयनगर गाउँपालिका वडा नं.०५ का वडाअध्यक्ष श्री अनवर मो. मुसलमान, यस आयोगका कर्मचारीहरू एवं मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा मुस्लिम समुदायको उपस्थितिमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विषयमा क्षमता विकास तथा सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधि र हालसम्मका उपलब्धिहरूको जानकारी गराइएको साथै कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट समुदायको हकहितको विषयमा विभिन्न सुझावहरू प्राप्त भएका थिए।

**५. कार्यक्रम सम्पन्न स्थानः मियाँ पाटन, कास्की । मितिः वि.सं. २०८१ जेष्ठ ३२ गते।**

**उपस्थितिः**

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवद्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि आ.व. २०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम अन्तर्गत गण्डकी प्रदेशको कास्की जिल्लाको लेखनाथ उपमहानगरपालिकास्थित मियाँ पाटनमा मिति २०८१ जेष्ठ ३२ गते यस आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको अध्यक्षता, गण्डकी प्रदेशका प्रदेश प्रमुख माननीय डिल्लीराज भट्टज्यूको प्रमुख आतिथ्यता, मुस्लिम आयोगका सदस्य माननीय मिर्जा अरशद बेगज्यूको आतिथ्यता, यस आयोगका सचिव श्री रमेश न्यौपानेज्यू, यस आयोगका कर्मचारिहरू एवं मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा मुस्लिम समुदायको उपस्थितिमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका विषयमा क्षमता विकास तथा सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधि र हालसम्मका उपलब्धिहरूको जानकारी गराइएको साथै कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट समुदायको हकहितको विषयमा विभिन्न सुझावहरू प्राप्त भएका थिए।

**6. कार्यक्रम सम्पन्न स्थानः हेटौडा, मकवानपुर । मितिः वि.सं. २०८१ असार ७ गते ।**

**उपस्थितिः**

मकवानपुर जिल्लाको हेटौडामा मिति २०८१ आषाढ ७ गते यस आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्युको अध्यक्षता, माननीय युवा तथा खेलकुद मन्त्री रमा आले मगरज्यूको प्रमुख आतिथ्यता, मुस्लिम आयोगका सदस्यहरू माननीय मिर्जा असरद बेग, माननीय मोहम्मद समशुल हकज्यू र मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ, यस आयोगका कर्मचारीहरू एवं अन्यको

उपस्थितिमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

मुस्लिम समुदायको समग्र विकासको लागि मुस्लिम समुदायको आर्थिक सामाजिक रुपान्तरणका लागि पहल गर्नु, मुस्लिम समुदायको सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक पक्षमा भएका समस्या र तिनको समाधानका लागि नीतिगत, कानूनी र संरचनागत व्यवस्था सम्बन्धमा पहल गर्ने, मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरणका सम्बन्धमा आगामी दिनहरूमा मुस्लिम आयोग गर्नुपर्ने कार्यहरू लगायतका विविध विषयहरूमा राय सुझावहरू प्राप्त गर्ने जस्ता उद्देश्यमा आधारित भइ कार्यक्रम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा मुस्लिम समुदायको उत्थानको लागि मुस्लिम आयोगलाई स्रोत साधन सम्पन्न बनाउनु पर्ने, मदरसा शिक्षालाई अन्य शिक्षा सरह नै सरकारले मान्यता दिनु पर्ने, मदरसा शिक्षाले प्राप्त गरेको मुस्लिमको योग्यतालाई अन्य सरह मान्यता दिनु पर्ने, पिछडिएको मुस्लिम वर्ग र समुदायको उत्थान र विकासको लागि ठोस कठम चाल्नु पर्ने, मुस्लिम समुदायका महिलालाई शिक्षा तथा राजनीतिक क्षेत्रमा अगाडि बढाउन सबैले सहयोग गर्नुपर्ने जस्ता विषयहरूमा जोड दिइएको थियो।

**7. कार्यक्रम सम्पन्न स्थानः जितपुर उपमहानगरपालिका, बारा । मितिः वि.सं. २०८१ असार ८ गते ।**

**उपस्थितिः**

मिति २०८१ आषाढ ८ गते बारा जिल्लाको जीतपुर उपमहानगरपालिका वडा नं. २४, हरपुरमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक तथा क्षमता विकास कार्यक्रम मुस्लिम आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्युको अध्यक्षता तथा प्रमुख आतिथ्यता, मुस्लिम आयोगका सदस्यहरू माननीय मिर्जा असरद बेग र माननीय मोहम्मद समशुल हकज्यूको आतिथ्यता, पूर्व वडाध्यक्ष श्री इलियास खान, समाजसेवी जविउल्लाह अन्सारी, आयोगका कर्मचारीहरू र मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघ संस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा अन्यहरूको उपस्थितिमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

उक्त कार्यक्रममा मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, मुस्लिम समुदायको ऐतिहासिक साँस्कृतिक धार्मिक क्षेत्रहरूको संरक्षण र संवर्धनमा जनचेतना बढाउने, मुस्लिम आयोगले आगामी दिनहरूमा मुस्लिम समुदायको हक हितको प्रवर्धनमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने जस्ता उद्देश्य राखेर कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा मुस्लिम समुदायमा व्यापक आर्थिक विपन्नता रहेकाले मुस्लिम आयोगले सम्बोधन गर्नु पर्ने, आगामी दिनमा महिला, निःशुल्क स्वास्थ्यको व्यवस्था, निःशुल्क शिक्षा, सरकारी सेवामा आरक्षणको व्यवस्था गरेर पिछडिएका मुस्लिम समुदायको उत्थान गर्नुपर्ने, मुस्लिम समुदायका युवाहरूलाई उद्यमशीलता लगायत रोजगारमूलक क्षेत्रमा अगाडि बढाउनु पर्ने, मुस्लिम समुदायको उत्थानको लागि आयोगलाई स्रोत साधन सम्पन्न बनाउनु पर्ने, समग्र देश विकासको लागि सबै वर्ग समुदायको विकास हुनुपर्ने भएकाले पिछडिएको मुस्लिम वर्ग तथा समुदायको उत्थान र विकासका लागि ठोस कदम चाल्नु पर्ने जस्ता विषयहरूमा सुझाव प्राप्त भए।

**8. कार्यक्रम सम्पन्न स्थानः गौर नगरपालिका, रौतहट। मितिः वि.सं. २०८१ असार १० गते।**

**उपस्थितिः**

मिति २०८१ असाढ १० गते रौतहट जिल्ला अन्तर्गत गौर नगरपालिकाको सभा हलमा आ.व. २०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम यस आयोगका सदस्य माननीय महमदीन अलीज्यूको अध्यक्षता, मुस्लिम आयोगका माननीय सदस्यहरू मिर्जा अरशद बेग र मोहम्मद समशुल हकज्यूको आतिथ्यता, गौर नगरपालिकाका नगर प्रमुख श्री शम्भु शाहज्यूको आतिथ्यता, उच्च अदालतको पूर्व मुख्य न्यायाधिश श्रीमान् साविर हुसेनज्यूको आतिथ्यता, यस आयोगका कर्मचारीहरूको र मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रमुख तथा मुस्लिम विज्ञ र अन्यको उपस्थितीमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

उक्त कार्यक्रममा मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, मुस्लिम समुदायको ऐतिहासिक साँस्कृतिक धार्मिक क्षेत्रहरूको संरक्षण र संवर्धनमा जनचेतना बढाउने, मुस्लिम आयोगले आगामी दिनहरूमा मुस्लिम समुदायको हक, हितको प्रवर्धनमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने जस्ता विषयहरूसँग सम्बन्धित भई कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधि र हालसम्मका उपलब्धिहरूको जानकारी गराइएको साथै कार्यक्रममा उपस्थित मुस्लिम समुदायबाट समुदायको हकहितको विषयमा विभिन्न सुझावहरू प्राप्त भएका थिए जसलाई बुँदागत रुपमा देहायबमोजिम उल्लेख गरिएको छ।

- मुस्लिम समुदायमा व्यापक आर्थिक विपन्नता रहेकाले मुस्लिम आयोगले सम्बोधन गर्नुपर्ने,
- महिला सशक्तीकरण, निशुल्कः स्वास्थ्यको व्यवस्था, निशुल्क शिक्षा, सरकारी सेवामा आरक्षणको व्यवस्था गरेर पिछडिएका मुस्लिम समुदायको उल्थान गर्नुपर्ने,
- मुस्लिम समुदायका युवाहरूलाई उद्यमशीलता लगायत रोजगारमूलक क्षेत्रमा अगाडि बढाउनु पर्ने,
- मुस्लिम समुदायको उत्थानको लागि आयोगलाई स्रोत साधन सम्पन्न बनाउनु पर्ने,
- समग्र देश विकासको लागि सबै वर्ग समुदायको विकास हुनु पर्ने भएकाले पिछडिएको मुस्लिम वर्ग तथा समुदायको उत्थान र विकासका लागि ठोस कदम चाल्नु पर्ने,
- नगरपालिकामा मदरसा र मुसाफिरखानालाई व्यवस्थित बनाउन पहल गर्नु पर्ने।

**9. कार्यक्रम सम्पन्न स्थानः सम्सी गाउँपालिका, महोत्तरी। मितिः वि.सं. २०८१ असार १२ गते।**

**उपस्थितिः**

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र संवर्धन तथा मुस्लिम समुदायको सशक्तीकरण गर्नको लागि आ.व.२०८०/८१ मा सञ्चालन हुने आयोगको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विविध विषयक क्षमता विकास तथा सशक्तीकरण

कार्यक्रम महोत्तरी जिल्लाको सम्सी गाउँपालिकामा मिति २०८१ आषाढ १२ गते यस आयोगका माननीय सदस्य माननीय मिर्जा अरशद बेगज्यूको अध्यक्षता, मुस्लिम आयोगका सदस्य माननीय महमदिन अलीज्यूको प्रमुख आतिथ्यता तथा मुस्लिम आयोगका सदस्य माननीय मोहम्मद समशुल हकज्यूको आतिथ्यता, सम्सी गाउँपालिका वडा नं.०६ का वडाध्यक्ष श्री शेष उमैद, यस आयोगका कर्मचारीहरू एवं मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूका प्रमुख तथा मुस्लिम विज्ञ तथा मुस्लिम समुदायको उपस्थितिमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, मुस्लिम समुदायको ऐतिहासिक साँस्कृतिक धार्मिक क्षेत्रहरूको संरक्षण र संवर्धनमा जनचेतना बढाउने, मुस्लिम आयोगले आगामी दिनहरूमा मुस्लिम समुदायको हक हितको प्रवर्दनमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने जस्ता विषयहरूसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको थियो।

**कार्यक्रमसम्बन्धी जानकारीः**

कार्यक्रममा मुस्लिम समुदायमा व्यापक आर्थिक विपन्नता रहेकाले मुस्लिम आयोगले सम्बोधन गर्नु पर्ने, निःशुल्क स्वास्थ्यको व्यवस्था, निःशुल्क शिक्षा, सरकारी सेवामा आरक्षणको व्यवस्था गरेर पिछडिएका मुस्लिम समुदायको उत्थान गर्नुपर्ने, मुस्लिम समुदायका युवाहरूलाई उद्यमशीलता लगायत रोजगारमूलक क्षेत्रमा अगाडि बढाउनु पर्ने, मुस्लिम समुदायको उत्थानको लागि आयोगलाई स्रोत साधन सम्पन्न बनाउनु पर्ने, समग्र देश विकासको लागि सबै वर्ग समुदायको विकास हुनु पर्ने भएकाले पिछडिएको मुस्लिम वर्ग तथा समुदायको उत्थान र विकासका लागि ठोस कदम चाल्नु पर्ने जस्ता विषयहरूमा जोड दिइयो।

**10. कार्यक्रम सम्पन्न स्थानः गाईघाट, उदयपुर।** **मितिः वि.सं. २०८१ असार १३ गते।**

**उपस्थितिः**

मिति २०८१ आषाढ १३ गते उदयपुर जिल्लाको गाईघाटमा मुस्लिम समुदायको आर्थिक, सामाजिक साँस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम मुस्लिम आयोगका माननीय सदस्य महमदीन अलिज्यूको अध्यक्षतामा, मुस्लिम आयोगका माननीय सदस्यज्यूहरू मिर्जा अरशद बेग र मोहम्मद समशुल हकज्यूको आतिथ्यता, मुस्लिम समाजसेवी आभाशाकी अध्यक्ष नजबुल खान तथा त्रियूगा नगरपालिकाका नगरप्रमुख बसन्त कुमार बस्नेतको विशेष आतिथ्यता, मदरसा तजसिदुलकी अफसाना खातून तथा त्रियुगा नगरपालिकाका अन्य सामाजसेवी वडा सदस्य र मुस्लिम समुदायसँग सम्बन्धित विभिन्न संघ संस्थाका प्रमुख, यस आयोगका कर्मचारीहरू तथा मुस्लिम विज्ञ, मस्जिदका मौलाना तथा मुस्लिम समुदायको उपस्थितिमा सम्पन्न भयो। मुस्लिम समुदायको हकहितको संरक्षणमा सहयोग गर्ने, सशक्तीकरणको माध्यमबाट राज्यका हरेक क्षेत्रमा मुस्लिम समुदायको सहभागिता सम्बन्धी जनचेतना अभिबृद्धी गर्ने, मुस्लिम आयोगले आगामी दिनहरूमा गर्नुपर्ने कार्यहरूका सम्बन्धमा आवश्यक पृष्ठपोषण प्राप्त गर्ने जस्ता उद्देश्य राखेर कार्यक्रम सञ्चालन गरिएको थियो।

**कार्यक्रमसम्बन्धी जानकारी संक्षेपमाः**

कार्यक्रममा मुस्लिम आयोगको काम, कर्तव्य र अधिकार एवं आयोगले मुस्लिम समुदायको हकहितको संरक्षण, संवर्धन र सशक्तीकरणको लागि सञ्चालन गरिरहेका गतिविधिहरू, मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक पक्षहरूमा जनचेतना अभिवृद्धिका लागि गरिएका पहल साथै आयोगको भावी कार्यदिशा सम्बन्धमा जानकारी गराइएको थियो। कार्यक्रममा उपस्थित मुस्लिम महिला समुदायबाट मुस्लिम समुदायको समस्या, अपेक्षा र आयोगले आगामी दिनमा मुस्लिम समुदायको आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक

सशक्तीकरणका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलाप, मदरसा र मुसाफिरखानालाई व्यवस्थित बनाउनु पर्ने जस्ता विषयहरूमा सुझाव प्राप्त भएको।

## ३.५ कार्यक्रमबाट प्राप्त भएका मुख्य मुख्य सुझावहरू

आर्थिक वर्ष २०८०/८१ मा मुस्लिम आयोगबाट सञ्चालित विभिन्न प्रदेश तथा जिल्लाहरूमा सञ्चालन गरिएका मुस्लिम समुदायको आर्थिक, सामाजिक र साँस्कृतिक लगायत विविध विषयक कार्यक्रम तथा मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रमा प्राप्त भएका राय सुझावहरू देहाय बमोजिम रहेका छन्ः-

**स्थानीय सरकारका लागि सुझावहरूः**

- स्थानीय तहहरूले मुस्लिम समुदायलाई लक्षित गरी शिक्षा र स्वास्थ्य सम्बन्धी विशेष कार्यक्रमहरू बनाई कार्यान्वयन गर्नुपर्ने,
- प्रत्येक स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका मदरसाहरूको Profile तयार गरी अन्य सामुदायिक विद्यालय तथा गुरुकुल शिक्षा सरहका सेवा सुविधा उपलब्ध गराउनु पर्ने,
- मुस्लिम समुदायका विपन्न परिवारलाई गम्भीर प्रकृतिका रोगहरूको स्वास्थ्य उपचारका लागि मापदण्ड बनाई निश्चित रकम सहायता स्वरुप उपलब्ध गराउने व्यवस्था मिलाउने,
- मुस्लिम समुदायलाई व्यावसायिक कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहित गर्न कृषि औजार, बिउ-बिजन तथा मल सहायता कार्यक्रम सञ्चालन गर्ने र स्थानीय कृषि तथा पशु उपजको सहज बजारीकरण तथा बिक्री-विरणको प्रबन्ध मिलाउने,
- स्थानीयस्तरमा रोजगारीको सिर्जना गरी मुस्लिम समुदायका युवाहरूलाई रोजगारीको प्रत्याभूति दिलाउने र मुस्लिम समुदाय लक्षित सिप विकास तालिमहरू सञ्चालन गर्ने,
- विपन्न र गरिबीको रेखामुनी रहेका मुस्लिम समुदायको लागि व्यवसाय सञ्चालनका लागि अनुदान तथा स्थानीय सहकारी तथा लघु वित्तमार्फत सहज एवं सहुलियतपूर्ण कर्जाको व्यवस्था मिलाइनु पर्ने,
- स्थानीयहरूले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका मुस्लिम समुदायका धार्मिक स्थलहरू मस्जिद, इदगाह, कब्रिस्तानहरूको Profile तयार गरी त्यस्ता स्थलहरूको संरक्षण र संवर्धनको लागि पर्याप्त बजेट विनियोजन गरिनु पर्ने।

## प्रदेश तथा संघीय सरकारका लागि सुझावहरूः

- मुस्लिम समुदाय लक्षित कार्यक्रमहरूको अनुगमन गरी कार्यक्रमहरूलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको विकास गर्ने,
- सिमान्तकृत समुदायको आर्थिक तथा शैक्षिक स्तरोन्नतिका लागि समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,
- मुस्लिम समुदायमा विद्यमान समस्याहरू पहिचान गरी समस्या समाधानको लागि उपयुक्त कार्यक्रम सञ्चालन गर्न अध्ययन अनुसन्धानको दायरालाई बढाउनु पर्ने,
- मुस्लिम समुदायको परम्परागत र धार्मिक मदरसा शिक्षा, मस्जिद, कब्रिस्तान र इदगाह लगायतका धार्मिक स्थलहरूको उचित संरक्षण र संवर्धनका लागि नीतिगत र कानूनी व्यवस्था गरिनु पर्ने,

- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक परम्परा एवं रीतिरिवाजको संरक्षण तथा प्रवर्धन गर्दै धार्मिक तथा जातीय विभेदको अन्त्य गरी समान अधिकारको सुनिश्चितता गर्ने।

## मुस्लिम आयोगसँग सम्बन्धित सुझावहरूः

- मुस्लिम समुदायको हक हित तथा कला संस्कृतिको जगेर्नाका लागि आयोगको भूमिकालाई थप प्रभावकारी बनाउने,
- मुस्लिम समुदायमा विद्यमान रहेको अशिक्षा, गरिबी, विभेद जस्ता मुद्दाहरूको समाधानमा आयोगले विशेष पहल गर्नु पर्ने,
- मुस्लिम समुदायको हकहितको संरक्षण र संवर्धन गर्न नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुधारका लागि ठोस सुझाव दिई दिइएका सुझाव तथा गरिएका सफारिशहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,
- मुस्लिम समुदायमा विद्यमान रहेको विभेद, अशिक्षा, गरिबी जस्ता बिषयमा थप अध्ययन अनुसन्धान गरी सुधारका उपायहरू पहिचान गरेर नेपाल सरकारलाई आवश्यक कार्यक्रमहरू सञ्चालन गर्न सिफारिस गर्ने,
- मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,
- मुस्लिम समुदायको हक, हित तथा कला संस्कृतिको जगेर्नाका लागि आयोगले समुदायस्तरमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरी समुदायमा सचेतना अभिवृद्धि गर्ने,
- मुस्लिम समुदायको संविधान प्रदत्त अधिकारको सुनिश्चितता गरी हाल कायम रहेको सबै प्रकारको विभेदको अन्त्य गर्न सरकारका तिनै तहहरूमा कानूनी व्यवस्था गर्न पहल गर्नुगर्ने।

## ३.६ आयोगबाट सम्पन्न भएका अन्य गतिविधिहरूको प्रगतिको अवस्थाः

आयोगबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन भएका अन्य गतिविधि र तिनको उपलब्धिहरू देहाय अनुसार रहेका छन्ः-

- ➢ आयोगको वार्षिक स्थापना दिवस सम्माननीय राष्ट्रपतिको प्रमुख आतिथ्यतामा भव्यताका साथ मनाइएको।
- ➢ मुस्लिम समुदायको इफ्तार (ब्रत तोड्ने) कार्यक्रम मिति २०८० चैत्र २६ गते मधेश प्रदेशको राजधानी जनकपुरधाममा मधेस प्रदेशका सभामुख माननीय रामचन्द्र मण्डलज्यूको प्रमुख आतिथ्यतामा आयोजना गरिएको।
- ➢ आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित बजेट राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाइएको।
- ➢ मुस्लिम आयोगको मध्यमकालीन खर्च संरचना तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको।
- ➢ विभिन्न समयमा विभिन्न विषयसँग सम्बन्धी शुभकामना र प्रेस विज्ञप्ति आयोगबाट प्रकाशित भएको।
- ➢ आ.व.२०८०/८१मा विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिश गरिएको।

- हलाल प्रक्रियाको बारेमा standard norms बनाउने, हलाल प्रमाणपत्र जारी गर्ने विषयलाई सरलीकृत बनाई यसको विश्वसनीयता कायम गर्न, हलाल प्रक्रियाको नियमन कार्यलाई व्यवस्थित गरी गुणस्तरीय खाद्यवस्तुको उपभोगको सुनिश्चितता र धार्मिक तथा सांस्कृतिक मूल्य मान्यताको सम्बर्धन र संरक्षण गर्ने वातावरण निर्माण गर्न यस आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी हलाल प्रमाणीकरण, व्यवस्थापन र नियमन कार्यदल, २०८० गठन गरी कार्यदल सम्बन्धी कार्य भइरहेको छ।
- मदरसा शिक्षामा देखिएका समस्याहरूको पहिचान गरी मदरसा शिक्षालाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाई मुस्लिम समुदायका बालबालिकालाई राष्ट्रिय शिक्षाको मूलप्रवाहीकरणमा ल्याउने सरकारको नीतिलाई समेत सहयोग पुऱ्याउन मदरसा शिक्षा समग्र व्यवस्थापनका लागि सर्वस्वीकार्य एकीकृत नीति र मापदण्ड तय गरी लागू गर्न यस आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल, २०८० गठन गरी कार्य भइरहेको छ।
- मुस्लिम समुदायको धार्मिक आस्था रीतिरिवाज र परम्परासँग जोडिएको कब्रिस्तानको संरक्षण, संवर्धन र व्यवस्थापन गर्नको लागि नीति नियम र कार्ययोजना निर्माण गर्न सहयोग हुने गरी रणनीतिक प्रतिवेदन सहितको दस्तावेज पेश गर्न यस आयोगका माननीय अध्यक्षज्यूको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधिहरू समेत समावेश गरी कब्रिस्तान संरक्षण, संवर्धन र व्यवस्थापन कार्यदल, २०८० गठन गरी कार्य भइरहेको छ।
- राज्यका विभिन्न निकायहरूबाट मुस्लिम समुदायले प्राप्त गर्ने विभिन्न प्रकारका सिफारिश लगायतका अन्य सेवाहरू सरल र सहज रुपमा यथासमयमा उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकायहरूसँग आयोगले समन्वयात्मक र सहजीकरणको भूमिका निर्वाह गर्दै आएको छ।
- देशका विभिन्न क्षेत्रमा सदियौंदेखि कायम रहदै आएको धार्मिक सहिष्णुता र सामाजिक सद्भावलाई खल्बल्याई धार्मिक र सामाजिक द्वन्द्वको अवस्था सिर्जना गर्न गरिएका हिंसात्मक घटनाहरूको भर्त्सना गर्दै त्यस्ता घटनाहरूको नियन्त्रण गरी दोहोरिन नदिन नेपाल सरकार र प्रदेश सरकारका विभिन्न निकायहरू, संसदीय समिति, सुरक्षा निकाय, विभिन्न राजनितिक दलहरू तथा विभिन्न संघ संस्थाहरूसँग आयोगले धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम गर्न विशेष समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको छ।

## परिच्छेद-४
# विविध

### ४.१ आयोगको बैठकका निर्णयहरूः

यस आयोगको आर्थिक वर्ष २०८०।०८१ मा २१ वटा बैठकहरू बसेकोमा आयोगका मुख्य-मुख्य बैठकका निर्णयहरू देहाय बमोजिम रहेका छन्ः-

| क्र. सं. | बैठक नं. र निर्णय मिति | बैठकका प्रस्तावहरू | बैठकका निर्णयहरू |
|---|---|---|---|
| १ | ८४-२०८०।०४।०९ | कार्यदलको पुनर्गठन सम्बन्धमा। | ➢ आयोगको मिति२०८०।०१।०४ गतेको बैठकबाट तीन वटा कार्यदल गठन भएकोमा मुस्लिम समुदायको विभिन्न संस्थाको समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक देखिएकोले तपशिल बमोजिम सदस्य गरी कार्यदल पुनर्गठन गर्ने।<br>➢ मरकजी जमियत अहले हदिस नेपाल, सितापाइलाका अध्यक्ष कलामुद्दीन अन्सारीलाई मदरसा शिक्षा अनुगमन, समन्वय तथा व्यवस्थापन कार्यदल, २०८० को सट्टामा यस आयोगको मिति २०८०।०१।०४ गतेको सोही बैठकबाट हलाल प्रमाणिकरण, व्यवस्थापन र नियमन कार्यदल, २०८० को सदस्यमा मनोनयन गर्ने ।<br>➢ मदरसा शिक्षा अनुगमन, समन्वय तथा व्यवस्थापन कार्यदल, २०८० मा अलहिरा एजुकेशनल सोसाइटी नेपालका अध्यक्ष र जमिअत उल्माए नेपालका अध्यक्ष तथा राष्ट्रिय सभा, नेपालका माननीय सदस्य खालिद सिद्धिकीलाई सदस्यमा मनोनयन गर्ने ।<br>➢ मदरसा शिक्षा अनुगमन, समन्वय तथा व्यवस्थापन कार्यदल, २०८० को शिर्षक परिवर्तन गरी सोको सट्टामा मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल, २०८० कायम गर्ने। |
| २ | ८५-२०८०/०५/०७ | सोह्रौं योजनाको तर्जुमा सम्बन्धी विवरणको मस्यौदा स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउने सम्बन्धमा। | ➢ राष्ट्रिय योजना आयोगको च.नं. ६६ मिति २०८०।०४।२६ को पत्रबाट सोह्रौं योजना तर्जुमा सम्बन्धमा यस आयोगको भूमिका र कार्यक्षेत्रसँग सम्बन्धित बिषय क्षेत्रमा संलग्न ढाँचा बमोजिमको विवरण माग भै आए बमोजिम यस आयोगसँग प्रत्येक्ष सरोकार राख्ने परिच्छेद ८ मा विस्तृत रुपमा र अप्रत्यक्ष रुपमा सरोकार राख्ने परिच्छेद ५ र १० मा संक्षिप्त रुपमा तयार गरिएको मस्यौदा योजनालाई स्वीकृत गरि राष्ट्रिय योजना आयोगमा पठाउने। |

| | | | |
|---|---|---|---|
| ३ | ८६-<br>२०८०/०५/२७ | समन्वयात्मक गोष्ठी आयोजना गर्ने सम्बन्धमा ।गोष्ठिमा प्रमुख अतिथि, विशेष अतिथि र अतिथि आमन्त्रण गर्ने सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा नेपालस्थित साउदी अरेबियन राजदुतावासको सहयोग एवं समन्वयमा मुस्लिम आयोगद्वारा "इस्लाम प्रतिको सहिष्णुता तथा सह अस्तित्व र सामाजिक शान्ति प्रबर्द्धमा यसको भूमिका" विषयक २ दिने समन्वयात्मक गोष्ठी मिति २०८० साल असोज १ र २ गते काठमाडौंस्थित होटल मेरियटमा आयोजना गर्ने।<br>➢ बैठकको प्रस्ताव नं २ उपर छलफल गर्दा उक्त गोष्ठिको प्रमुख अतिथिको रुपमा राष्ट्रिय सभाका अध्यक्ष श्री गणेश तिमिल्सिना, विशेष अतिथि एवं अतिथिको रुपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री अनिता देवी, साउदी अरब, बङ्गलादेश, यू.ए.इ, मलेसिया, कतार लगायतका मुस्लिम देशका राजदूतहरू, मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा, राष्ट्रियसभा र प्रदेशसभाका माननीय सदस्यहरू, सुरक्षा निकायका प्रमुखहरू, संघीय मामिला तथा सामान्य प्रशासन, परराष्ट्र र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवहरू लगायतका पदाधिकारीहरूलाई आमन्त्रण गर्ने। |
| ४ | ८७-<br>२०८०/०६/१६ | आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।<br><br>आयोगको प्रवक्ता तोक्ने सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गर्नुपर्ने व्यवस्था बमोजिम यस आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका कामकारबाहीहरू समावेश गरिएको वार्षिक प्रतिवेदन माथि छलफल गरी स्वीकृत गर्ने।<br>➢ बैठकको प्रस्ताव नं २ उपर छलफल गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चाचन) नियमावली, २०६५ को नियम २४ बमोजिमको काम, कर्तब्य बहन गर्ने गरी आयोगका माननीय सदस्य मिर्जा अरशद बेगलाई सुशासन (व्यवस्थापन तथा सञ्चाचन) ऐन, २०६४ को दफा ३५ बमोजिम प्रवक्ता तोक्ने । |
| ५ | ८८-<br>२०८०/०७/१९ | आ.व. ०८०/८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजना छलफल एवं स्वीकृत गर्ने सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा मुस्लिम आयोगको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रशासन तथा योजना शाखाबाट तयार गरी पेश हुन आएको वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना माथि छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने । |

| | | | |
|---|---|---|---|
| ६ | ८९-<br>२०८०/०८/०१ | कार्यदलहरूको म्याद थप सम्वन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा मुस्लिम आयोगको मिति २०८० वैशाख ४ गते को निर्णयद्वारा गठित कार्यदलहरू हलाल प्रमाणिकरण, व्यवस्थापन र नियमन कार्यदल, मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदल र धार्मिक स्थलहरू (मस्तिद, कब्रिस्थान, इदगाह, कर्बला, मजार) को संरक्षण, सम्बर्द्धन र व्यवस्थापन कार्यदलहरूको म्याद कार्यदलहरूको पहिलो बैठक बसेको मितिले छ महिनाको हुने व्यवस्था छ। सो बमोजिम हलाल प्रमाणिकरण, व्यवस्थापन र नियमन कार्यदलको म्याद मिति २०८०/०८/०४ मा सकिने, मदरसा शिक्षाको नीतिगत सुधार, व्यवस्थापन, समन्वय र अनुगमन कार्यदलको म्याद मिति २०८०/०८/१० मा सकिने तथा धार्मिक स्थलहरू (मस्तिद, कब्रेस्थान, इदगाह, कर्बला, मजार) संरक्षण, सम्बर्द्धन व्यवस्थापन कार्यदलको मिति २०८०/०९/१९ मा सकिने भएको र कार्यदलहरूले आयोग समक्ष प्रतिवेदन पेश गर्ने सम्बन्धमा सम्पादन गर्नुपर्ने कार्यहरू बाँकी नै रहेकोले उक्त कार्यदलहरूको समयावधि २०८१ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो। |
| ७ | ९०-<br>२०८०/०९/१७ | मुस्लिम आयोग र नेपालस्थित साउदी अरेबियन राजदूतावासको संयुक्त आयोजना(दूतावासको सहयोग र समन्वय मा नेपालमा HOLY QURAN MEMORIZATION AND RECITATION प्रतियोगिता सञ्चालन गर्ने सम्बन्धमा। | Holy Month of Ramdan को अवसरमा Quran Reciting प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा आयोगका माननीय अध्यक्षज्यूले नेपालका लागि साउदी अरेवियाका महामहिम राजदूतलाई आवश्यक सहयोगका लागि पठाउनु भएको पत्रको प्रतिउत्तरमा काठमाडौं स्थित साउदी अरेवियन राजदूतावासको तर्फबाट उक्त प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्न मञ्जुर भएको व्यहोराको Ref.No.251-45-00424मिति२७डिसेम्वर२०२३को कुटनीतिक नोट जानकारी तथा आवश्यक कार्यार्थ परराष्ट्र मन्त्रालयको प.सं.CAWAA/०८०/८१ च.नं.५७२० मिति२०८०/९/१२को पत्रसाथ प्राप्त हुन आएको छ।<br><br>उक्त प्रतियोगिता सञ्चालनबाट नेपालका मुस्लिम समुदायका बालवालिका तथा विद्यार्थीहरूको शैक्षिक अभिरुची तथा क्षमता अभिबृद्धि हुनाको साथसाथै प्रतियोगिताका उत्कृष्ट सहभागिहरूलाई प्रदान गरिने पुरस्कार रकमबाट आर्थिक रुपले समेत लाभान्वित हुन जाने देखिन्छ। नेपालमा यस किसिमको प्रतियोगिताको शुरुवातबाट आगामी दिनमा समेत यस किसिमका कार्यक्रमहरू सञ्चालन गर्न समेत सहज हुने भएकोले उक्त कार्यक्रम आयोजना गर्दा लाग्ने सम्पूर्ण खर्च राजदूतावासले नै व्यहोर्ने गरी मुस्लिम आयोग र नेपालस्थित साउदी अरेवियन राजदूतावासको संयुक्त आयोजना(दुतावासको सहयोग र समन्वय)मा नेपालमा Holy Quran Memorization and Recitation प्रतियोगिता काठमाडौंमा सञ्चालन गर्ने।<br><br>उक्त प्रतियोगिता सञ्चालनका लागि यसैसाथ संलग्न दरखास्त आह्वान सम्बन्धी सूचना गोरखापत्र दैनिक र आयोगको वेबसाइटमा प्रकाशन गर्ने।<br><br>उक्त प्रतियोगिता सञ्चालनको लागि गर्नु पर्ने अन्य निर्णयहरू अर्को बैठकबाट गर्ने। |

| | | | |
|---|---|---|---|
| ८ | ९१-<br>२०८०/१०/०२ | मुस्लिम आयोग नियमावलीको मस्यौदा तर्जुमा कार्यदल गठन गर्ने सम्बन्धमा।<br><br>विविध सम्बन्धमा। | ➢ नेपालको संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भए अनुसार आयोगको गठन र सञ्चालनको लागि मिति २०७४/६/२९ मा मुस्लिम आयोग ऐन, २०७४ जारी भई उल्लेखित संवैधानिक र कानूनी व्यवस्था अनुरुप २०७५ साल चैत्र ७ गते विधिवत रुपमा मिति २०७५/१२/७ गते मुस्लिम आयोग गठन भई सञ्चालनमा रहदै आएको छ। मुस्लिम आयोग ऐन, २०७४ जारी भएको छ वर्ष र आयोग गठन भई कार्यसञ्चालनमा आएको समेत पाँच व्यतित भइसक्दा समेत हालसम्म मुस्लिम आयोग नियमावली तर्जुमा हुन सकेको छैन। नियमावलीको अभावमा निर्देशिका तर्जुमामा समेत अवरोध पुग्न गएको छ।<br>➢ मुस्लिम आयोग ऐन, २०७४ को दफा २७ मा "यो ऐन कार्यान्वयन गर्नको लागि आयोगले आवश्यक नियम बनाउन सक्नेछ" भन्ने व्यवस्था रहेको छ भने सोही ऐनको दफा २८ मा "आयोगले सम्पादन गर्नुपर्ने काम सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि यो ऐन तथा यस अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्नेछ" भन्ने व्यवस्था रहेको छ। आयोगको काम कारबाहीलाई चुस्त दुरुस्त र प्रभावकारी बनाउन आवश्यक नियमावली तथा निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउन अति आवश्यक देखिएको छ। महालेखापरीक्षकको कार्यालयबाट गत आर्थिक वर्ष २०७९/८० आयोगको अन्तिम लेखापरीक्षणका बखत समेत सो विषय उठान भएको छ।<br>➢ चालु आर्थिक वर्ष २०८०/८१ को आयोगको स्वीकृत वार्षिक कार्यक्रमको बजेट शीर्षक नम्बर २२५२२-कार्यक्रम खर्च अन्तर्गत क्रियाकलाप नम्बर २.७.२५.२७ मा मुस्लिम आयोगको नियमावली/कार्यविधि तर्जुमामा रु. २,००,०००।- (अक्षेरेपि दुई लाख रुपैयाँ मात्र) बजेट विनियोजन भएको छ भने २०८० फागुन मसान्त सम्म नियमावलीको मस्यौदा तर्जुमा गरिसक्ने गरी आयोगको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनामा आयोगको मिति २०८०/७/१९ को बैठकको निर्णयबाट स्वीकृत भएको छ।<br><br>प्रस्तुत सन्दर्भमा मुस्लिम आयोग नियमावलीको मस्यौदा तर्जुमा गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने<br><br>१. मुस्लिम आयोग ऐन, २०७४ को दफा २७ बमोजिम मुस्लिम आयोग नियमावली, २०८० को मस्यौदा तर्जुमा गर्न देहायबमोजिम मस्यौदा समिति गठन गरी कार्यदिश दिनेः-<br>क. माननीय महमदिन अली सदस्य, मुस्लिम आयोग — संयोजक<br>ख. श्री जानुका सुवेदी, उपसचिव, मुस्लिम आयोग सदस्य<br>ग. प्रतिनिधि उपसचिवस्तर, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — सदस्य<br>घ. प्रतिनिधि उपसचिवस्तर, संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सदस्य<br>ङ. श्री बिमला भुसाल, शाखा अधिकृत, मुस्लिम आयोग — सदस्य सचिव |

| | | | |
|---|---|---|---|
| | | | २. समितिले नियमावलीको मस्यौदा तर्जुमा गरी २०८० फागुन मसान्तभित्र आयोगसमक्ष पेश गर्नु पर्नेछ। समितिले मस्यौदा आयोगसमक्ष पेश गरेपछि समितिको कार्यावधि स्वतःसमाप्त हुनेछ।<br>३. समितिले नियमावलीको मस्यौदा तर्जुमा गर्ने बैठकमा आवश्यकतानुसार आयोगका पदाधिकारी, कर्मचारी तथा विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ।<br>४. समितिको बैठक भत्ता र खाजा प्रचलित नियमानुसार हुनेछ।<br>१०. समितिको अन्य काम कारबाही प्रचलित कानुन तथा आयोगको निर्णयानुसार हुनेछ। |
| ९ | ९२-<br>२०८०/११/०२ | Holy Quran Memorization and Recitation प्रतियोगिताको अन्तिम नतिजा प्रकाशन गर्ने सम्बन्धमा। | ➢ Holy Quran Memorization and Recitation प्रतियोगिताका लागि दरखास्त दिएका, मिति २०८०/१०/२३ र २४ मा भएको प्रारम्भिक छनौट तथा मिति २०८०/१०/२७ र २८ मा भएको First Branch, Second Branch, Third Branch र Fourth Branch अन्तर्गतको प्रतियोगिताको अन्तिम छनौट प्रक्रियामा उपस्थित भएका मध्ये छनौट समितिले उपलब्ध गराएको मूल्याँकन अंकभार अनुसार सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रतियोगिहरूलाई यसैसाथ संलग्न सूची बमोजिमका प्रतियोगीहरूलाई First Branch, Second Branch, Third Branch र Fourth Branch अन्तर्गतको पुरुषतर्फ क्रमशः प्रथम दोश्रो तेश्रो चौथो र पाँचौ विजेताको रुपमा छनौट गरी सार्वजनिक सूचना प्रकाशन गर्ने सम्बन्धमा उक्त प्रतियोगिता सञ्चालन सम्बन्धी प्रशासनिक समितिले गरेको सिफारिस अनुसार तपसिलको तालिका बमोजिमका बढी अंक ल्याउने प्रतियोगीहरूलाई विजेता घोषणा गरी आयोगको वेबसाइटमा नामावली प्रकाशन गर्ने ।<br>➢ Fourth Branch अन्तर्गत महिलातर्फ सि.नं.७२ का Afreena Khatun र सि.नं.७७ का Bushra Khatun ले समान कुल २८२ र ओसत ९४ अंक हासिल गरी दुवैले चौथो स्थान हासिल गरेकोमा सि.नं.७२का Afreena Khatun ले दरखास्तमा जन्म मिति २०६८/१/१० उल्लेख गरेको आधारमा अन्तिम छनौट प्रक्रियामा सहभागि गराइएकोमा निजले अन्तिम छनौट प्रक्रियामा सहभागि हुँदा पेश गरेको जन्म दर्ता प्रमाणपत्रमा निजको जन्म मिति २०६५/१/१० उल्लेख भएको देखिएको र सो आधारमा दरखास्त दिने अन्तिम मिति २०८०।१०।१९ मा निजको उमेर १५ बर्ष ९महिना ९ दिन देखिएकोले निज ७ देखि १५ बर्षको उमेर समूहमा पर्ने नदेखिएकोले यस आयोगको मिति २०८०।१०।२२ मा प्रकाशित सूचनाको सि.नं. ७ मा उल्लेखित "प्रत्येक Branch अन्तर्गत सहभागिहरूको लागि निर्धारण गरिएको शर्त र योग्यता सम्बन्धी कागजातहरूको छानविन गर्दा गलत ठहरिन गएमा त्यस्तो सहभागी प्रतियोगिताको जुनसुकै चरण र अवस्थामा अयोग्य ठहरिने छ"भन्ने व्यवस्था तथा उक्त प्रतियोगिता सञ्चालन सम्बन्धी प्रशासनिक समितिको सिफारिश अनुसार निजको नाम चौथो विजेताको सूचीबाट हटाई सि.नं. ७७ का Bushra Khatun लाई मात्र चौथो विजेताको रुपमा छनौट गर्ने । |

| | | | |
|---|---|---|---|
| १० | ९३-<br>२०८०/११/२९ | आ.व. ०८१/०८२ को बजेट तथा कार्यक्रम स्वीकृत गरी पठाउने सम्वन्ध।<br><br>विविध सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट आ.व. ०८१/०८२ को यस आयोगका लागि प्राप्त बजेट सीमा तथा मार्गदर्शन बमोजिम प्रशासन, योजना तथा अनुगमन शाखाबाट तयार गरी पेश हुन आएको आ.व. ०८१/०८२ को प्रस्तावित बजेट तथा कार्यक्रममा छलफल गरी परिमार्जन सहित स्वीकृत गरी पठाउने । |
| ११ | ९४-<br>२०८०/१२/०४ | आयोगको पाँचौ वार्षिक स्थापना दिवस भव्य रुपमा मनाउँने र सोका लागि विभिन्न क्षेत्रका पदाधिकारीहरूलाई आमन्त्रण गर्ने सम्वन्धमा।<br><br>आयोगको पाँचौं वार्षिक स्थापना दिवसमा विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्ने सम्बन्धमा।<br><br>विविध सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा आयोगको पाँचौं वार्षिक स्थापना दिवस भव्यरुपमा मनाउने र सोका लागि तपसिल बमोजिम विभिन्न क्षेत्रका पदाधिकारीहरूलाई आमन्त्रण गर्ने ।<br>(१) प्रमुख अतिथि सम्माननीय राष्ट्रपति,<br>(२) विशेष अतिथि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री,<br>(३) अतिथि संवैधानिक निकायका प्रमुखहरू,<br>(४) मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा, राष्ट्रिय सभा, संविधान सभाका माननीय सदस्यहरू तथा पूर्व मन्त्रीहरू<br>(५) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष<br>(६) संवैधानिक निकायका सदस्यहरू<br>(७) नेपालस्थित २६ देशका राजदूतहरू,<br>(८) गृह, परराष्ट्र, शिक्षा, विज्ञान तथा प्रविधि र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका सचिवहरू<br>(९) चार वटै सुरक्षा निकायका प्रमुख,<br>(१०) ललितपुर महानगरपालिकाका प्रमुख,<br>(११) संवैधानिक निकायका सचिवहरू<br>(१२) मुस्लिम समुदायसंग सम्बन्धित संघ सस्थाका अध्यक्ष तथा पदाधिकारी लगायत विभिन्न क्षेत्रका पदाधिकारीहरूलाई आमन्त्रण गर्ने।<br>➢ बैठकको प्रस्ताव नं २ उपर छलफल गर्दा आयोगको पाँचौं वार्षिक स्थापना दिवसमा तपसिल बमोजिमका विशिष्ट व्यक्तित्वहरूलाई सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा सम्मानपत्र प्रदान गर्ने । |

१. माननीय प्रदेश प्रमुख नजिर मियाँ, सुदूरपश्चिम प्रदेश
२. माननीय न्यायाधीश अब्दुल अजिज मुसलमान, सर्वोच्च अदालत
३. माननीय मोहम्मद खालिद, अध्यक्ष, जमिअत उलमा ए नेपाल
४. श्री राज मोहम्मद मियाँ अन्सारी, अध्यक्ष, मदनी मस्जिद व मुसाफिरखाना, सुन्धारा,
५. श्री नजरुल हसन, अध्यक्ष, ईस्लामी संघ नेपाल
६. श्री असगर अली, सूचना प्रविधि विज्ञ तथा युवा उद्यमी
७. कतार च्यारिटी नेपाल
८. श्री मो. जियाउद्धीन खाँन, अध्यक्ष, हेल्पिङ्ग हर्ट रिलिफ एण्ड डेभलपमेण्ट नेपाल
९. श्री शेष मुना, वीरगञ्ज महानगरपालिका वडा नं. २, पर्सा

बैठकको प्रस्ताव नं ३ उपर छलफल गर्दा आयोगको पाँचौं वार्षिक स्थापना दिवसको अवसरमा रात्री भोजको आयोजना गर्ने र विनियोजित रकमको तपसिल बमोजिमको लागत अनुमान स्वीकृत गर्ने ।

| सि.नं | विषय | सहभागि संख्या | दर | जम्मा |
|---|---|---|---|---|
| १. | खाना, फलफूल तथा चिया कफी | २०० | १००० | २०००००/- |
| २. | विविध(मन्च व्यवस्थापन,सम्मानपत्र,दोसल्ला,व्यानर,खादापानी इत्यादी) | | | ३३०००/- |
| ३. | हल भाडा | | ५०००/- | ५०००/- |
| ४. | मायाको चिनो | | १२०००/- | १२०००/- |
| | जम्मा खर्चः- | | | २५००००/- |

<table>
<tr><td>१२</td><td>९५-<br>२०८०/१२/२२</td><td>ईफ्तार कार्यक्रम स्थान परिवर्तन गरी सम्पन्न गर्ने सम्बन्धमा।<br><br>विविध सम्बन्धमा।</td><td>➢ आ.व. २०८०/८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजनामा ईफ्तार कार्यक्रम केन्द्रमा गर्ने गरी स्वीकृत गरिएकोमा मधेश प्रदेशमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको वातावरण कायम गर्ने उद्देश्यले मधेश प्रदेशको राजधानी जनकपुरमा विभिन्न समुदायहरूको उपस्थतिमा उक्त कार्यक्रम मिति २०८० चैत्र २६ गते सोमबार सञ्चालन गर्ने ।<br><br>➢ बैठकको प्रस्ताव नं २ उपर छलफल गर्दा आयोगको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उक्त ईफ्तार कार्यक्रममा साँझ ईफ्तारी व्रत तोड्ने रात्री भोजको आयोजना गर्न र सो समेत प्रयोजनको लागि विनियोजित रकमको तपसिल बमोजिमको लागत अनुमान स्वीकृत गर्ने ।_<br><br>➢ तपसिल<br>
<table>
<tr><th>सि.नं</th><th>विषय</th><th>सहभागि सख्या</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१.</td><td>खाना, फलफूल तथा चिया कफी</td><td>२००</td><td>१०००/-</td><td>२,००,०००/-</td></tr>
<tr><td>२.</td><td>विविध (मन्च व्यवस्थापन, व्यानर,खादापानी इत्यादी)</td><td></td><td></td><td>३५,०००/-</td></tr>
<tr><td>३.</td><td>दैनिक भ्रमण भत्ता</td><td>१२</td><td>नियमानुसार</td><td>१,६५,०००/-</td></tr>
<tr><td></td><td>जम्मा खर्चः-</td><td></td><td></td><td>४,०००००/-</td></tr>
</table></td></tr>
<tr><td>१३</td><td>९६-<br>२०८०/१२/२३</td><td>संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा संशोधन सम्बन्धमा।</td><td>➢ बैठकको प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रतिनिधि सभामा दर्ता भई छलफलको क्रममा रहेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा मुस्लिम समुदायसँग सरोकारका विषय लगायत अन्य आवश्यक विषयहरू तीन महले फारामको ढाँचामा तयार गरी संशोधनको व्यवस्थाका लागि संघीय संसद सचिवालयलाई पत्राचार गर्ने तथा उक्त संशोधनका लागि पहल गर्न माननीय सभासद्हरूलाई तीन महले फाराम उपलब्ध गराउने ।</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १४ | ९८-२०८१/०१/२४ | मुस्लिम महिलाहरूको कार्यक्रम तथा अनुगमन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।<br><br>उक्त कार्यक्रमको खर्च सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजनामा मुस्लिम महिलाहरूको कार्यक्रम मिति २०८० सालको मङ्सिर, पुस र माघ महिनाभित्र पर्सा र बाँके जिल्लामा सञ्चालन गर्ने भनी स्वीकृत गरिएकोमा विविध कारणवश निर्धारित समयमा कार्यक्रम सञ्चालन हुन नसकेकोले कार्यक्रमको मिति संशोधन गरी प्रथम चरणमा मिति २०८१/०१/२७ गते बाँके जिल्लाको नेपालगञ्जमा सञ्चालन गर्ने। साथै मिति २०८१/१/२८ गते सोही स्थानमा रहेका मस्जिद, मदरसा लगायत मुस्लिम समुदायसँग सम्बन्धित संस्थाहरूको अनुगमन गर्ने ।<br><br>➢ मुस्लिम महिलाहरूको कार्यक्रम दुई जिल्लामा सम्पन्न गर्नका लागि रू. ४,००,००० (अक्षेरुपी रू चार लाख मात्र) बजेट विनियोजन गरिएकोमा प्रति जिल्ला रु. २,००,००० (अक्षेरुपी रु दुई लाख) खर्च हुने गरी अर्थ मन्त्रालय बाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) अन्तर्गत बुँदा नं. ७.१.१५ को सबै प्रकारका तालिम गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| १५ | ९९-२०८१।०१।२४ | माननीय अध्यक्षज्यूको मनोनयन सम्बन्धमा। | ➢ यस आयोगका अध्यक्ष माननीय समिम मियाँ अन्सारीज्यूलाई आगामी ३१ मे २०२४ देखि २ जुन २०२४ सम्म अमेरिकाको राजधानी Washington DC मा आयोजना हुने "Empowering Youth, Enriching cultures, Embracing" विषयक 7th General Convention मा सहभागिताको लागि आमन्त्रण गर्दै ASSOCIATION OF NEPALI TERAIAN AMERICA को मिति ३ अप्रिल २०२४ को निमन्त्रणा पत्र प्राप्त हुन आएको छ। Washington DC मा आयोजना हुने उक्त Convention मा नेपालको तर्फबाट प्रतिनिधित्व हुन आवश्यक देखिएकोले यस आयोगका माननीय अध्यक्षज्यू उक्त Convention मा सहभागी हुँदा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारबाट व्यहोर्ने गरी मनोनयन हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न उक्त मन्त्रालयमा लेखी पठाउने। |

| | | | |
|---|---|---|---|
| | | | माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यूको विदेश भ्रमणमा लाग्ने अनुमानित खर्चको विवरण |
| १६ | १००-<br>२०८१।०२।०२ | 'मुस्लिम समुदायको उत्थान र विकासमा इमामहरूको भूमिका' विषयक क्षमता अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा मुस्लिम समुदायको राजनीतिक, प्रशासनिक, सामाजिक तथा शैक्षिक लगायतका क्षेत्रमा अर्थपूर्ण सहभागिता ज्यादै न्यून भएको सन्दर्भमा मुस्लिम समुदायको तथा सबलीकरणको माध्यमबाट राज्यको सबै संरचनामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न 'मुस्लिम समुदायको उत्थान र विकासमा इमामहरूको भूमिका' विषयक क्षमता अभिवृद्धि तथा अन्तरक्रिया कार्यक्रम मिति २०८१ जेठ ७ गते बिहान ९ बजे भिवान्ता होटेल, झम्सीखेल, ललितपुरमा आयोजना गर्ने र उक्त कार्यक्रममा लाग्ने सम्पूर्ण खर्च व्यहोर्न प्लान ईन्टरनेशनल, नेपाललाई अनुरोध गर्ने। |

| सि.नं. | भ्रमण खर्च शीर्षक | दर | दिन | जम्मा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दैनिक भ्रमण भत्ता | | | | | |
| २. | हवाई टिकट | | | | | |
| ३. | भिसा शुल्क | | | | | |
| ४. | होटेल बास खर्च | | | | | |
| ५. | पकेट खर्च | | | | | |
| जम्मा अनुमानित खर्च | | | | | | |

| | | | |
|---|---|---|---|
| १७ | १०१-२०८१।०२।०४ | मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।<br><br>उक्त कार्यक्रमको खर्च सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजनामा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम मिति २०८० सालको मङ्सिर, पुस, माघ, फागुन र चैत्र महिनाभित्र उदयपुर, महोत्तरी, रौतहट, बारा, मकवानपुर, कास्की, रुपन्देही, कपिलवस्तु, सुर्खेत र कैलाली जिल्लामा सञ्चालन गर्ने भनी स्वीकृत गरिएकोमा विविध कारणवश निर्धारित समयमा कार्यक्रम सञ्चालन हुन नसकेकोले कार्यक्रमको मिति संशोधन गरी प्रथम चरणमा मिति २०८१/०२/०८ गते कैलाली जिल्लाको धनगढीमा सञ्चालन गर्ने। साथै मिति २०८१/०२/०९ गते सुर्खेत जिल्लाको विरेन्द्रनगरमा गर्ने ।<br>➢ मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम दश जिल्लामा सम्पन्न गर्नका लागि रू. २३,६२,०००।- (अक्षेरुपी रू तेइस लाख बैसठ्ठी हजार मात्र) बजेट विनियोजन गरिएकोमा प्रति जिल्ला रु. २,३६,२००।- (अक्षेरुपी रु दुई लाख छत्तीस हजार दुई सय मात्र) खर्च र अधिकतम सहभागी संख्या २०० जना हुने गरी अर्थ मन्त्रालय बाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) अन्तर्गत बुँदा नं. ७.१.१५ को सबै प्रकारका तालिम गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |
| १८ | १०२-२०८१।०२।१४ | मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम र मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।<br>उक्त कार्यक्रमहरूको खर्च सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा आ.व. २०८०/८१ को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजनामा मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम मिति २०८० सालको मङ्सिर, पुस, माघ, फागुन र चैत्र महिनाभित्र उदयपुर, महोत्तरी, रौतहट, बारा, मकवानपुर, कास्की, रुपन्देही, कपिलवस्तु, कैलाली र सुर्खेत जिल्लामा तथा मुस्लिम महिलाहरूको कार्यक्रम मिति २०८० सालको मङ्सिर, पुस र माघमा पर्सा र बाँके जिल्लामा सञ्चालन गर्ने भनी स्वीकृत गरिएकोमा विविध कारणवश निर्धारित समयमा कार्यक्रम सञ्चालन हुन नसकेकोले उक्त कार्यक्रमहरू सञ्चालन गर्न बाँकी जिल्लाहरूमा कार्यक्रम मिति संशोधन गरी मिति २०८१ असार दोस्रो हप्ताभित्र सम्पन्न गर्ने।<br>➢ मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक लागायतका विविध विषयक तथा क्षमता विकास कार्यक्रम दश जिल्लामा सम्पन्न गर्नका लागि रू. २३,६२,०००।- (अक्षेरुपी रू तेइस लाख बैसठ्ठी हजार मात्र) बजेट विनियोजन गरिएकोमा प्रति जिल्ला रु. २,३६,२००।- (अक्षेरुपी रु दुई लाख छत्तीस हजार दुई सय मात्र) खर्च र अधिकतम सहभागी संख्या २०० जना हुने गरी तथा मुस्लिम महिलाहरूको कार्यक्रम दुई जिल्लामा सम्पन्न गर्नका लागि रू. ४,००,००० (अक्षेरुपी रू चार लाख मात्र) बजेट विनियोजन गरिएकोमा प्रति जिल्ला रु. २,००,००० (अक्षेरुपी रु दुई लाख) खर्च हुने गरी अर्थ मन्त्रालय बाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ (आठौं संस्करण) अन्तर्गत बुँदा नं. ७.१.१५ को सबै प्रकारका तालिम गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्च अनुसार लागत अनुमान स्वीकृत गरी खर्च गर्ने । |

| | | | |
|---|---|---|---|
| १९ | १०३-२०८१।०२।३१ | वि. सं. २०८१ सालमा पर्ने मुस्लिम समुदायको धार्मिक पर्व बक्र इद (उल-अजहा) को मिति तय गर्ने सम्बन्धमा। | ➢ बैठकको प्रस्ताव नं १ उपर छलफल गर्दा वि.सं.२०८१सालको ईद-उल अजहा मनाउने सम्बन्धमा काठमाडौं घण्टाघरस्थित नेपाली जामे मस्जिद र कश्मिरी पञ्च तकिया जामे मस्जिदको चाँद नजरको बारेमा अलग-अलग विज्ञप्ति आएको तथा ईल-उल अजहा मनाउने मिति पनि फरक फरक पर्न जाने भएकोले उक्त पर्व मनाउने मितिमा एकरुपता कायम गर्न दुवै पक्षलाई मिति२०८१ साल जेष्ठ ३१गते बिहिवारसम्मको समय दिइएको र उक्त समयसिमासम्म सहमति हुन नसकेको खण्डमा उक्त पर्व मनाउने दिन सार्वजनिक विदा सिफारिसका लागि आयोगलाई निर्णय गर्ने अधिकार दिइएकोले दुवै मस्जिदका पदाधिकारीहरू,नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका कार्यकारी निर्देशक र आयोगका पदाधिकारीहरूबीच छलफल गर्दा तथा सबै पक्षहरूसँग बुझ्दा अधिकांश स्थानबाट यही मिति २०८१ असार ३ गते सोमबार ईद-उल अजहा पर्व मनाउने साथै उक्त दिन देशभर सार्वजनिक विदा घोषणाका लागि नेपाल सरकार गृह मन्त्रालयलाई सिफारिश गर्ने। |
| २० | १०४-२०८१।०३।०२ | विश्वविद्यालयबाट नियमित रुपमा सञ्चालन हुन गइरहेको परीक्षाको मिति परिवर्तन गर्ने सम्बन्धमा | ➢ नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार मुस्लिम समुदायको धार्मिक पर्व बक्र ईद (ईद-उल-अजहा ) मा सार्वजनिक विदा दिने घोषणा गरिसेकेको हुँदा यस महान पर्वलाई ध्यानमा राखि मिति २०८१।०३।०३ गते विश्वविद्यालयबाट नियमित रुपमा सञ्चालन हुन गईरहेको परीक्षाको मिति परिवर्तन गर्ने व्यवस्थाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ तथा जनसंख्या मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरमा अनुरोध गर्ने। |

## ४.२ आयोगका सिफारिशहरूः

मुस्लिम आयोग ऐन, २०७४ बमोजिम नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरूलाई दिइएका सुझाव तथा सिफारिशहरू देहाय बमोजिम छन्।

- मधेशमा बसोवास गर्ने मुस्लिम समुदायलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूबाट साविक बमोजिम नै मधेशी अन्तर्गत सिफारिश गरिदिने व्यवस्थाका लागि गृह मन्त्रालयमा अनुरोध गरिएको।
- नेपालको जनगणना, २०७८ बमोजिम लुम्बिनी प्रदेशमा इस्लाम धर्मावलम्बी मुस्लिम समुदायको उपस्थिति कुल जनसंख्याको ७.४५ प्रतिशत रहेको देखिएकोले तहाँ प्रदेशसभाबाट निर्माण हुने विभिन्न ऐनहरूमा गरिने समावेशी प्रतिनिधित्व एवं आरक्षण सम्बन्धी प्रावधानहरूमा मुस्लिम समुदायको सोही बमोजिमको व्यवस्थाको लागि अनुरोध गरिएको।
- विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा कारवाहीको लागि सिफारिश गरी सम्बन्धित निकायमा पठाउने गरिएको।कतिपय विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल हुने गरेको ।
- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक पर्वहरू जस्तै इद, मोहम्मद डे आदिमा विदा घोषणा गर्न सिफारिश गरिएको ।
- मदरसा शिक्षालाई व्यवस्थित र वैज्ञानिक बनाउन मदरसा शिक्षा परिषद्लाई स्वतन्त्र र अधिकार सम्पन्न बनाइ रिक्त रहेका पदाधिकारीहरूको नियुक्ति गरि परिषद्लाई सक्रिय बनाउन सिफारिश गरिएको।
- विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा मदरसा शिक्षा सम्बन्धमा समेट्नु पर्ने विषयहरू समावेश गरी शिक्षा, स्वास्थ्य तथा सुचना प्रविधि समितिमा सुझाव उपलब्ध गराइएको।
- राष्ट्रिय संस्कृति नीति, २०८० को मस्यौदामा नीतिको उद्देश्य रणनीति नीति लगायत सबै खण्डहरूमा मस्जिद, मदरसा, कब्रिस्थान,जकात लगायतका मुस्लिम संस्कृतिसँग सम्बन्धित विषयहरू समावेश गरी नीति मस्यौदा परिमार्जन हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गरिएको।

## ४.३ आयोगका उपलब्धिहरूः

- सातै प्रदेशहरूका विभिन्न जिल्लाहरमा समन्वय र सहकार्य गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको। यसबाट लक्षितवर्ग लाभान्वित हुने वातावरण बनेको ।
- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक महत्त्व राख्ने मस्जिद, मदरसा, कब्रिस्तानहरूको अभिलेख, जग्गाको भोगाधिकार र स्वामित्व स्थापित गर्न पहल गरिएको।
- सातै प्रदेशका विभिन्न जिल्लाहरूमा सञ्चालित कार्यक्रमहरूबाट प्राप्त राय सुझावले मुस्लिम समुदायको समस्या सम्बोधन गर्न सहजता भएको।
- धार्मिक सहिष्णुताका लागि आयोगले समन्वयात्मक भूमिका निर्वाह गर्दै आएको छ जसबाट समाजिक सद्भाव कायम गर्ने वातावरण बनाउन मद्दत पुगेको छ।
- मुस्लिम समुदायको शैक्षिक विकासको लागि मदरसा शिक्षाको व्यवस्थापन, शैक्षिक संस्थाहरूमा मुस्लिम समुदायको पहुँच बढाउने प्रयास भैरहेको।

- मुस्लिम समुदायको साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्धनमा आयोगले विभिन्न पहलहरू गरेको।
- आर्थिक सशक्तीकरणका लागि स्वरोजगारमूलक कार्यक्रमलाई प्रवर्धन गर्ने कार्यका लागि प्रयास भैरहेको।
- मुस्लिम समुदायको सशक्तीकरणका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
- मुस्लिम समुदायको मानव अधिकार संरक्षण र संवर्धनमा काम गरिरहेको। यसका लागि सरकारसँग मिलेर न्याय प्राप्तिका लागि पहल गर्ने कार्य गरिरहेको।
- भूमिसम्बन्धी समस्या समाधान सम्बन्धमा छलफल र अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइएको।

परिच्छेद - ५

# समस्या, सुझाव र निष्कर्ष

## ५.१ मुस्लिम समुदायभित्र रहेका समस्याहरूः

यस आयोगबाट विभिन्न मितिमा संघ, प्रदेश र स्थानीय स्तरमा संचालन गरिएका कार्यक्रम, बैठक, छलफल, अन्तर्क्रिया कार्यक्रम र अन्य विभिन्न माध्यमबाट प्राप्त सूचनाका आधारमा मुस्लिम समुदाय भित्र रहेका विद्यमान प्रमुख समस्याहरू देहाय बमोजिम रहेका छन्ः-

मुस्लिम समुदायको राज्यको स्रोत, साधन, अवसर र लाभमा न्यायोचित पहुँच नहुनु, मुस्लिम समुदाय मानव विकास सूचकाङ्कमा निकै पछाडि रहनु, राजनैतिक र प्रशासनिक संरचनामा समानुपातिक प्रतिनिधित्व नहुनु, मुस्लिम समुदायको उत्थान र विकासको लागि संघ, प्रदेश र स्थानीय तहमा छुट्टै विशेष नीति तथा कार्यक्रम नहुनु, मुस्लिम समुदायको धार्मिक स्थलहरू (कब्रिस्तान, मजार र ईदगाह) को व्यवस्थापनमा संरक्षण र प्रवर्धनको लागि सरोकारवाला निकायको ध्यान नजानु, मदरसा शिक्षालाई व्यवस्थित र समयानुकुल बनाउन आवश्यक नीतिगत तथा कानूनी व्यवस्था नहुनु, मस्जिद, मदरसाको शैक्षिक पाठ्यक्रम एवं पाठ्यपुस्तकहरूमा एकरुपता नहुनु र सरकारबाट मदरसा शिक्षाको उचित पाठ्यक्रम नबनाइनु, राज्यका तीन तहबाट संचालन हुने आर्थिक तथा सामाजिक कार्यक्रममा मुस्लिम समुदायको समुचित सहभागिता नहुनु तथा संस्कृति, भाषा, कला, लिपी र साहित्यको संरक्षण सम्बन्धी कुनै कार्यक्रम नहुनु मुख्य समस्याका रुपमा रहेका छन् ।

## ५.२ मुस्लिम आयोगका समस्याहरूः

आयोगको संगठनिक संरचना र कर्मचारीको आकार आयोगको क्षेत्राधिकार अनुरुप ज्यादै सानो तथा आयोगलाई प्राप्त हुने बजेट समेत ज्यादै न्यून भएको हुँदा ऐनले निर्धारण गरेका कार्यहरू प्रभावकारी रुपमा सम्पादन गर्न कठिनाई उत्पन्न भएको छ। आयोगको आफ्नै जग्गा, कार्यालय भवन र भौतिक संरचना तथा साधनहरू नभएकोले नियमित रुपमा कार्यालय संचालनमा समस्या पर्न गएको छ। आयोगको काम नीतिगत सिफारिशको लागि अध्ययन अनुसन्धान गर्नु भएकोले विज्ञ तथा विशेषज्ञको दरवन्दी नहुनु साथै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।८।३० को निर्णयानुसार आयोगमा रहेको स्थायी दरबन्दी समेत कटौती हुँदा प्रभावकारी अध्ययन अनुसन्धान लगायतका नीतिगत कार्य सम्पादनमा समस्या भएको छ ।

## ५.३ सुझावहरूः

मुस्लिम समुदायको हक हितको संरक्षण संवर्धन र सशक्तीकरण एवं समुदायको उत्थान र विकासका लागि देहायका सुझावहरू नेपाल सरकार समक्ष सिफारिस गरिएको छः-

## १. नीतिगत क्षेत्रका सुझावहरूः

- समानुपातिक समावेशीताको सिद्धान्तको आधारमा मुस्लिम समुदायलाई संविधान प्रदत्त राजनैतिक, आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक अधिकार सुनिश्चितताका लागि कानूनी व्यवस्था गरी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने।
- निजामती सेवा, न्याय सेवा, सेना, प्रहरी, संस्थान, बोर्ड, समिति, प्राधिकरण लगायत सबै सार्वजनिक क्षेत्रमा

नेपाली मुस्लिम समुदायलाई जनसंख्याको अनुपातको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरी प्रतिनिधित्व गराउने सम्बन्धी नीतिगत व्यवस्था गर्ने।

- अतिविपन्न, विपन्न र मध्यम वर्ग लगायतका निरपेक्ष गरिबीको रेखामुनी भएका मुस्लिम समुदायका व्यक्तिहरूलाई पहिचान गरी राज्यको मूलधारमा ल्याउन वर्गको आधारमा समावेशीकरणको अभ्यास गर्ने व्यवस्था मिलाउने।
- नेपाल सरकारबाट तयार गरिने विभिन्न वार्षिक तथा आवधिक प्रतिवेदन र अध्ययनमा मुस्लिम समुदायको Disaggregated data समेत संकलन र प्रकाशन गर्ने व्यवस्था गर्ने।
- मुस्लिम समुदायको उत्थान र विकासको लागि नेपाल सरकारबाट सबै प्रदेशहरूमा विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने।
- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायहरूबाट वार्षिक रुपमा कार्यान्वयन गरिने नीति तथा कार्यक्रममा जनसंख्याको अनुपातको आधारमा मुस्लिम समुदाय प्रत्यक्ष रुपमा लाभान्वित हुने गरी बजेट विनियोजन गर्ने।

## २. शैक्षिक क्षेत्रका सुझावहरूः

- मदरसा शिक्षाको विकासमा टेवा पुऱ्याउनको लागि परम्परागत शिक्षा बोर्ड (जसमा मदरसा बोर्ड समेतको व्यवस्था रहेको) को व्यवस्थालाई विद्यालय शिक्षा सम्बन्धी कानुन अर्थात् प्रस्तावित विद्यालय शिक्षा विधेयक, २०८० मा समावेश गरी मदरसा सञ्चालन सम्बन्धी नियम तर्जुमा गरी कार्यान्वयन गरिनु पर्ने।
- मदरसा शिक्षालाई आधुनिक, व्यवहारिक र वैज्ञानिक बनाई राष्ट्रिय शिक्षामा आवद्ध गर्न आवश्यक कानूनी पूर्वाधार तयार गर्न मदरसा शिक्षा ऐन तर्जुमा गर्ने।
- मदरसा शिक्षालाई राष्ट्रिय शिक्षामा आबद्ध गराउदै लैजान शिक्षा मन्त्रालयले पाठ्यक्रम तयार गरी लागू गर्ने व्यवस्था गर्ने।
- मदरसाबाट प्राप्त हुने शैक्षिक प्रमाण पत्रलाई समकक्षता प्रदान गर्न शिक्षा मन्त्रालयले नीतिगत व्यवस्था गर्ने।
- मदरसा शिक्षाको गुणस्तर, मदरसाको व्यवस्थापन तथा शैक्षिक अनुशासनको नियमित अनुगमन गर्ने।
- मुस्लिम समुदायको जनसंख्या बढी भएको मधेश प्रदेश र लुम्बिनी प्रदेशमा मदरसा बोर्ड गठन गरिनुपर्ने।
- मुस्लिम समुदायको जनसंख्या बढी भएको स्थानीय तहहरूमा मदरसा सम्बन्धी क्रियाकलाप हेर्ने गरी शाखा/इकाइ तोक्ने व्यवस्था गर्ने।
- मदरसाहरूमा कक्षा १० एस.ई.ई. सम्म नेपाल सरकारको पाठ्यक्रमको आधारमा पठनपाठन हुने व्यवस्था मिलाई मदरसाका विद्यार्थीहरूलाई एस.ई.ई. परीक्षामा सहभागी गराउनु पर्ने।
- मुस्लिम समुदायको बालबालिकाको विद्यालयस्तरको अध्ययनमा सहभागिता वृद्धि गर्न समुदायमा अभिमुखीकरण कार्यक्रम संचालन गरी विद्यालय शिक्षाको महत्त्वको बारेमा उजागर गर्ने।

## ३. आर्थिक तथा सामाजिक क्षेत्रका सुझावहरूः

- राज्यबाट आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम संचालन गर्दा समानुपातिक समावेशी सिद्धान्त बमोजिम मुस्लिम समुदायको सहभागिता सुनिश्चित हुने व्यवस्था मिलाउने तथा आय आर्जन सम्बन्धी कार्यक्रम संचालन पश्चात् त्यस्ता कार्यक्रमबाट आर्जित ज्ञान र सीपलाई व्यवहारमा रुपान्तरण गर्ने गरी follow up कार्यक्रम र seed money वा प्रविधि हस्तान्तरण कार्यक्रमलाई अनिवार्य गर्ने।
- परम्परागत पेशा, व्यवसाय गर्दै आएका मुस्लिम समुदायको पेशा व्यवसाय स्तरोन्नति र आधुनिकीकरण गर्न विशेष कार्यक्रम संचालन गर्ने।
- नेपाली मुस्लिम महिलाको उत्थानको लागि विशेष कार्यक्रम संचालन गर्ने, गराउने।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले संचालन गर्दै आएको राष्ट्रपति महिला उत्थान कार्यक्रममा मुस्लिम महिलाहरूको सहभागिताको सुनिश्चतता गर्ने, नीति तय गर्ने।
- स्वरोजगार तथा रोजगारको क्षेत्रमा नेपाल सरकारद्वारा विभिन्न सीपमूलक तालिम र स्वरोजगारका कार्यक्रम संचालन गर्दा मुस्लिम समुदायको सहभागीता सुनिश्चित गराउनु पर्ने।
- समुदायलाई रोजगारमूलक बनाउन प्राविधिक शिक्षा तथा सीपमूलक तालिम संचालन गर्ने गराउने।

## ४. अन्य विविध क्षेत्रका सुझावहरूः

- केन्द्र तथा प्रदेशस्तरमा मुस्लिम मुसाफिर खाना (धर्मशाला) कमिटी हल र हज गृह निर्माण गर्न पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।
- मुस्लिम समुदायको संस्कृति, भाषा, कला, लिपी र साहित्यको संरक्षण गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले योजना तथा कार्यक्रम तर्जुमा गरी सञ्चालन गर्नुपर्ने।
- आवश्यकता अनुसार मस्जिद, कब्रिस्तान, ईदगाह आदिको व्यवस्थापन, संरक्षण र प्रवर्धन गर्ने कार्य सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था मिलाउने।
- मुस्लिम समुदायका भौतिक एवं अभौतिक सम्पदाहरूको संरक्षण, संवर्धन एवं विकासका लागि तीनै तहका सरकारहरूबाट विशेष व्यवस्था गर्ने।
- मुस्लिम समुदायको लागि कब्रिस्तान (शमशानघाट) का लागि जग्गाको व्यवस्था पालिकास्तरबाट हुनुपर्ने।
- मुस्लिम समुदायसँग सम्बन्धित भूमि सम्बन्धी समस्या समाधानका लागि विशेष पहल गर्नुपर्ने ।

## ५. प्रदेश सरकारसँग सम्बन्धित सुझावहरूः

- मुस्लिम समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूलाई क्षमता विकास, सशक्तीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- वार्षिक नीति कार्यक्रम र बजेट निर्माण गर्दा मुस्लिम समुदायको हकहित संरक्षण संवर्धन गर्न आवश्यक राय सुझावको लागि मुस्लिम आयोगसँग समन्वय गर्दा उपयुक्त हुने।
- प्रदेश सरकारको नीति निर्माण तह, सरकारी सेवा, संस्थान लगायतका अन्य सेवाहरूमा मुस्लिम समुदायको

समानुपातिक सहभागिताको सुनिश्चितता हुने गरी कानुनहरूको निर्माण गर्नुपर्ने।

- मुस्लिम समुदाय लक्षित स्वास्थ्य सेवा कार्यक्रमहरू सञ्चालन गर्ने। मुस्लिम समुदायमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनुपर्ने।
- मुस्लिम समुदायको समाजिक, आर्थिक, साँस्कृतिक विकासका लागि रणनीतिक कार्ययोजना तयार गरी लागू गर्नुपर्ने ।
- मुस्लिम समुदायको पहिचान र तथ्याङ्कका लागि मुस्लिम आयोगको समन्वयमा स्थानीय तहमार्फत आवश्यक कार्य गर्न बजेट तथा कार्यक्रम तय गर्नुपर्ने।
- मुस्लिम बाहुल्य रहेका र अन्य प्रदेशमा मदरसा, मस्जिद, कब्रिस्तान र इदगाहको संरक्षणका लागि नीतिगत एवं कानूनी व्यवस्था गरिनुपर्ने।
- मुस्लिम समुदाय लक्षित कार्यक्रमको अनुगमन गरी कार्यक्रमहरूलाई प्रभावकारी बनाउन उपयुक्त संयन्त्रको विकास गर्ने।
- सीमान्तकृत समुदायको आर्थिक तथा शैक्षिक स्तरोन्नतिका लागि समुदाय लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने।
- मुस्लिम समुदायमा व्याप्त समस्याको जड पहिचान गरी उपयुक्त कार्यक्रम सञ्चालन गर्न थप अध्ययन अनुसन्धान गर्ने।
- मुस्लिम समुदायको धार्मिक तथा साँस्कृतिक परम्परा एवं रीति-रिवाजको संरक्षण तथा प्रवर्धन गर्दै धार्मिक तथा जातीय विभेदको अन्त्य गरी समान अधिकारको सुनिश्चितता गर्ने।
- मुस्लिम समुदाय लक्षित सिप विकास तालिमहरू सञ्चालन गर्ने।
- मुस्लिम समुदायभित्रका महिला तथा विपन्न परिवारलाई व्यवसाय सञ्चालनका लागि अनुदान तथा सहुलियत ऋण सहायताको व्यवस्था गर्ने।
- व्यवसायिक कृषि तथा पशुपालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने।
- मुस्लिम समुदाय लक्षित कृषि औजार बिउ-बिजन तथा मल सहायता कार्यक्रमहरू सञ्चालन गर्ने।

## ५.४ भावी कार्यदिशाः

मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धनका लागि आगामी दिनमा देहायका कार्यहरू सम्पादन गर्ने गरी आयोगले भावी कार्यदिशा निर्देशित गरेको छः—

- मुस्लिम समुदायको समग्र अवस्थाको अध्ययन अनुसन्धान गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा सरकारलाई सुझाव दिने कार्यलाई निरन्तरता प्रदान गर्ने।
- मुस्लिम समुदायको हक हितको संरक्षण र संवर्धन तथा समुदायको का लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि सरकार समक्ष सिफारिस गर्ने।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धनका लागि आयोगलाई थप सबल र सक्षम तथा अधिकार सम्पन्न बनाउँदै लैजाने।

- मुस्लिम समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन अवस्थाको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने।
- सुखी र समृद्ध मुस्लिम समुदायको विकासका लागि आयोगको भूमिका सशक्त बनाउदै जाने।
- मुस्लिम समुदाय भित्र व्याप्त रहेको गरिबी र अशिक्षा न्यूनीकरणमा सहयोग पुऱ्याउन लक्षित कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद (आरक्षण) को माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्दै लैजान सकरात्मक भूमिका निर्वाह गर्ने।
- मुस्लिम समुदायको आर्थिक, सामाजिक र भौतिक विकास लागि नेपाल सरकार, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गरी उपयुक्त सुझाव सिफारिस गर्ने।
- संवैधानिक आयोगहरू र सरकारी निकायहरूसँग समसामयिक विषयमा छलफल, समन्वय र सहकार्यको कार्यलाई निरन्तरता दिने।
- मुस्लिम समुदायभित्र रहेको मासु तथा खाद्यान्नको हलाल व्यवस्था सम्बन्धी प्रमाणिकरण, नियमन र व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था छ।
- मुस्लिम समुदायको साँस्कृतिक धरोहरहरूको संरक्षण र संवर्धनको लागि नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- मुस्लिम समुदायका विभिन्न धार्मिक स्थलहरू मस्जिद, कब्रिस्तान, मदरसा, इदगाह, कर्वला आदिको तथ्यांक संकलन, संरक्षण र संवर्धनको लागि विभिन्न निकायहरूसंग समन्वय र सहजीकरण गर्ने कार्यलाई निरन्तर तथा प्रभावकारी बनाउने।

## ५.४ निष्कर्षः

मुस्लिम समुदायको शैक्षिक, आर्थिक र सामाजिक क्षेत्रको उत्थान र विकासका लागि विशेष अधिकारको व्यवस्था गर्न, सीपमुलक एवं चेतनामूलक कार्यक्रम संचालन गरी मुस्लिम समुदाय भित्रको गरिबी, अशिक्षा र बेरोजगारको अवस्थालाई न्यूनीकरण गर्न परम्परागत धार्मिक र शैक्षिक व्यवस्थाको रुपमा रहेको मदरसा शिक्षालाई थप सुदृढ र संस्थागत गर्दै आधुनिकीकरण गर्न आवश्यकता छ। त्यसैगरी मुस्लिम समुदायको राज्यको सम्पूर्ण निकायमा समानुपातिक प्रतिनिधित्वका लागि आवश्यक कानूनी व्यवस्था गर्नुको साथै मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक महत्त्व राख्ने मस्जिद, मदरसा, ईदगाह, मजार, कर्वला, कब्रिस्तानहरूको अभिलेख, जग्गाको भोगाधिकार र स्वामित्व स्थापित गर्नु अत्यावश्यक रहेको छ। यसको साथै मुस्लिम समुदायभित्र रहेको मासु तथा खाद्यान्नको हलाल व्यवस्था सम्बन्धी प्रमाणिकरण, नियमन र व्यवस्थापनको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्ने अवस्था छ । मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा एवं उत्थान र विकासको लागि राज्य संयन्त्रका बिभिन्न निकायबाट सञ्चालित लक्षित कार्यक्रमहरूको पहुँच मुस्लिम समुदायका बिपन्न नागरिकसम्म पुऱ्याउन पर्ने हुन्छ। अतः राज्यले परिकल्पना गरेको समृद्ध नेपाल, सुखी नेपाली तथा दिगो विकासको लक्ष्य प्राप्ती गर्न मुस्लिम समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक तथा गुणस्तरीय मानव विकासबाट मात्र सम्भव भएकोले यस आयोगले तीन तहका सरकार, संसद, न्यायपालिका तथा अन्य संवैधानिक आयोगहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्दै समुदायका समस्याहरूको समाधानको थलोको रुपमा विकास गर्नु आवश्यक छ।

अनुसूची- १

# आयोगमा कार्यरत कर्मचारीहरूको विवरण

| सि.नं. | नाम | पद | शाखा |
|---|---|---|---|
| १ | श्री रमेश न्यौपाने | सचिव | |
| २ | श्री मन्दिरा पोखरेल काफ्ले | उपसचिव | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ३ | श्री मिन राज आचार्य | शाखा अधिकृत | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ४ | श्री रोशन शर्मा | शाखा अधिकृत | अधिकार प्रवर्धन तथा इकाई |
| ५ | श्री देवी प्रसाद उप्रेती | लेखापाल | आर्थिक प्रशासन |
| ६ | श्री कविता बुढाथोकी | नायव सुब्बा | प्रशासन, योजना तथा अनुगमन शाखा(जिन्सी) |
| ७ | श्री उमेश वस्नेत | नायव सुब्बा | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ८ | श्री सुमित्रा खड्का | कम्प्युटर अपरेटर | प्रशासन, योजना तथा अनुगमन शाखा |
| ९ | श्री साहिल अन्सारी | निजी सहायक | माननीय अध्यक्षज्यूको सचिवालय |
| १० | श्री कर्मवीर मौर्य | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| ११ | श्री मक्सुद अली | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| १२ | श्री साजित हक | निजी सहायक | माननीय सदस्यज्यूको सचिवालय |
| १३ | श्री धनलाल तामाङ्ग | हलुका सवारी चालक | माननीय अध्यक्षज्यूको सवारी चालक |
| १४ | श्री राजकुमार श्रेष्ठ | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १५ | श्री दिपक महर्जन | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १६ | श्री राजकुमार महर्जन | हलुका सवारी चालक | माननीय सदस्यज्यूको सवारी चालक |
| १७ | श्री पुरन राज मगर | हलुका सवारी चालक | |
| १८ | श्री रौशन कुमार शाह | हलुका सवारी चालक | |
| १९ | श्री सरस्वती आचार्य | कार्यालय सहयोगी | |
| २० | श्री अन्जना भण्डारी | कार्यालय सहयोगी | |
| २१ | श्री इन्द्रकला कँडेल | कार्यालय सहयोगी | |
| २२ | श्री जुली चौधरी | कार्यालय सहयोगी | |
| २३ | श्री सरिता त्यात | कार्यालय सहयोगी | |
| २४ | श्री कान्छी माया सुफर | स्वीपर | |

### अनुसूची- २
## मध्यकालीन खर्च संरचना
# (आर्थिक वर्ष २०८०/८१-२०८२/८३)

## १.पृष्ठभूमिः

मुस्लिम समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि संविधानको धारा २६४ मा संवैधानिक आयोगको रुपमा मुस्लिम आयोगको व्यवस्था भएको र मुस्लिम आयोग ऐन, २०७४ अनुसार मुस्लिम आयोग गठन भई संचालनमा रहेको छ। यस आयोगको मुख्य कार्य मुस्लिम समुदायको हक हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणका लागि नेपाल सरकारलाई नीतिगत, कानूनी तथा संस्थागत सुझाव दिने, आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने, मुस्लिम समुदायको हक हितको संरक्षण र संवर्धन तथा सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नु रहेका छन्। मुस्लिम समुदाय नेपालको सन्दर्भमा मानव विकास सूचकाङ्कको दृष्टिकोणले सबैभन्दा कमजोर अवस्थामा रहेको छ। सो समुदाय तथा व्यक्तिहरूको उत्थान एवम् विकासका लागि सीप विकास तालिम, छात्रवृत्ति, कर्जा र रोजगारमूलक लक्षित कार्यक्रम, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, मातृभाषाको संरक्षण र संवर्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक रहेको छ। अतः यस समुदायको सामाजिक आर्थिक एवम् सास्कृतिक विकासका लागि रणनैतिक कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

## २. समस्या तथा चुनौतीः

विभिन्न वर्ग र क्षेत्रका समुदाय र मुस्लिम समुदायवीच आर्थिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा ठुलो अन्तर रहनु, राज्यको स्रोत, साधन, अवसर र लाभमा मुस्लिम समुदायको न्यायोचित पहुँच नहुनु, राजनीतिक र प्रशासनिक संरचनामा मुस्लिम समुदायको उचित प्रतिनिधित्व नहुनु, मुस्लिम समुदायका अधिकांश जनता गरिवीको रेखामुनी रहेकाले आर्थिक सामाजिक तथा राजनीतिक क्षेत्रमा पछाडि पर्नु, मुस्लिम समुदायलाई राज्यको मूल धारमा ल्याई समृद्ध तुल्याउनु प्रमुख समस्या र चुनौती रहेका छन्।

## ३. सोचः

सुखी, समृद्ध र आत्मनिर्भर मुस्लिम समुदाय ।

## ४. उद्देश्यः

- मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा शसक्तीकरण गर्ने,
- मुस्लिम समुदायको आर्थिक सामाजिक, राजनैतिक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- मुलुकमा उपलब्ध स्रोत तथा साधनहरूमा मुस्लिम समुदायको पहुँच वृद्धि गर्ने,
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र संवर्धन गर्ने
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्ने।

## ५. रणनीतिः

- मुलुकमा उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदायको समानुपातिक पहुँच बढाउने।
- मुस्लिम समुदायको हक, हितको संरक्षण र संवर्धन तथा सशक्तीकरण गर्ने।
- राज्यका तीनै तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागिता सुनिश्चित गर्ने।
- मुस्लिम समुदायको क्षमता विकासका लागि सीप विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्ने सक्षम जनशक्तिको विकास गर्ने।
- मुस्लिम समुदायको मातृभाषा एवम् मदरसा शिक्षा र संस्कृतिको संरक्षण एवम् संवर्धन गर्ने।
- ऐतिहासिक, साँस्कृतिक एवं धार्मिक क्षेत्रको संरक्षण र संवर्धन गरी अनुसन्धानमूलक कार्य गर्ने ।
- लैङ्गिक विभेद तथा हिंसाको न्यूनीकरण गर्न विविध कार्यक्रम सञ्चालन गर्ने।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० सम्मको उपलब्धि | २०८०/८१ को अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | क्षमता विकास, र सचेतनामूलक कार्यक्रम | वटा | ७ | १२ | १२ | १५ | १५ |
| २ | लोक सेवा तयारी कक्षा(शाखा अधिकृत र नायब सुब्बा) | वटा | १ | २ | ० | ० | ० |
| ३ | अन्तर्क्रिया तथा छलफल कार्यक्रम | वटा | ० | २ | २ | २ | २ |
| ४ | राष्ट्रिय मुस्लिम नीति प्रकाशन | वटा | ० | १ | ० | ० | ० |
| ५ | वार्षिक प्रतिवेदन प्रकाशन | वटा | १ | १ | १ | १ | १ |
| ६ | कानुन/कार्यविधि तर्जुमा गर्ने | वटा | ० | १ | १ | १ | १ |
| ७ | आयोगको रणनीतिक योजना तर्जुमा | वटा | ० | ० | १ | ० | ० |
| ८ | अध्ययन अनुसन्धान गर्ने | वटा | ० | ३ | २ | ३ | ३ |
| ९ | निरीक्षण तथा अनुगमन | वटा | ६ | ६ | ६ | १० | १० |
| १० | आयोगको स्थापना दिवस | वटा | १ | १ | १ | १ | १ |
| ११ | ईफ्तार कार्यक्रम | वटा | १ | १ | १ | १ | १ |
| १२ | वार्षिक प्रगती समिक्षा | वटा | ० | ० | १ | १ | १ |

## ७. विषय क्षेत्रगत खर्च र स्रोतको त्रिवर्षीय अनुमान (रकम रु लाखमा)

| आर्थिक वर्ष | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |
| २०८१/८२ | ४१९ | ४०० | १९ | ० | ४१० | ० | ० |
| २०८२/८३ | ४७० | ४७० | १३ | ० | ४७० | ० | ० |
| २०८३/८४ | ५१७ | ५१७ | १८ | ० | ५१७ | ० | ० |

# ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | क्षेत्रगत रणनीतिक स्तम्भ | उद्देश्य | आयोजना अवधि(शुरु र समाप्ति) | लागत रु लाखमा | हालसम्मको प्रगती स्थिति | तीन वर्षको अपेक्षित उपलब्धि | आ.व.२०८१/८२मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरू |
|---|---|---|---|---|---|---|---|---|
| २३४००००१ | मुस्लिम आयोग | ६ | उपलब्ध स्रोत साधनहरूमा मुस्लिम समुदायको पहुँच, उनीहरूको हक हितको संरक्षण र संवर्दन तथा सशक्तीकरण गर्नु,राज्यको तीनै तहमा हुने निर्णय प्रक्रियामा तथा प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट मुस्लिम समुदायको सहभागित सुनिश्चि | सालवसाली | ४४४ | आ.व.२०७९/ ०८०को वार्षिक प्रतिवेदन मिति २०८०।६।२९ गते राष्ट्रपति समक्ष पेश गरिएको<br><br>आ.व. २०७९/०८०को वार्षिक कार्यक्रमको कार्यान्वयन कार्ययोजना स्वीकृत गरिएको ।<br><br>आ.व.२०७९/०८०को जिन्सी निरिक्षण भई प्रतिवेदन तयार भएको<br><br>योजना आयोगको मार्गदर्शन बमोजिम सोह्रौ योजनाको आधारपत्र तयार गरि आयोगबाट स्वीकृत गरी पठाइएको<br><br>यस अवधिमा मुस्लिम समुदायको वसोवास रहेको अर्घाखाँचि, दाङ, सप्तरी, रुपन्देही, स्याङ्जा, बाँके, मोरङ. सुनसरी, सर्लाही र कपिलवस्तु जिल्लाहरूमा मदरसा मस्जिद कब्रिस्तान लगायतका संस्था/संरचनाहरूको अनुगमन गरिएको | मुस्लिम समुदायको हक हितको सँरक्षण र सँवर्दन तथा सशक्तीकरण सम्बन्धी विभिन्न ८वटा विषयमा अध्ययन अनुसन्धान सम्पन्न भई अध्ययन प्रतिवेदन प्राप्त भएको हुने<br><br>मुस्लिम आयोगको नियमावली/कार्यविधि तर्जुमा भई लागू भएको हुने<br><br>मुस्लिम राष्ट्रिय नीति प्रकाशन भएको हुने<br><br>आयोगको आन्तरिक नियन्त्रण प्रणाली र रणनीतिक योजना तर्जुमा भई कार्यान्वयन भएको हुने<br><br>हरेक वर्ष आयोगको बार्षिक प्रतिवेदन सम्मान्नीय राष्ट्रपतिज्यू समक्ष पेश भएको हुने<br><br>हरेक वर्ष आयोगको बार्षिक स्थापना दिवश मनाएको हुने<br><br>वार्षिक कम्तिमा३५० मुस्लिम महिलाहरूले सशक्तीकरण कार्यक्रमबाट लाभ लिएको हुने<br><br>मुस्लिम समुदायको आर्थिक सामाजिक साँस्कृतिक लगायतका विविध विषयमा समुदायका बार्षिक कम्तिमा १५००जना व्यक्तिहरूले कार्यक्रमबाट लाभ लिएको हुने<br><br>मस्जिद,मदरसा,कब्रिस्तान,इदगाह,मजार र मुस्लिम संघ संस्थाहरूको निरीक्षण तथा अनुगमनबाट भएका उपलब्धिको समिक्षाएवं सुधारका लागि सुझाव प्राप्त भएको हुने | मुस्लिम समुदायको हक,हितको संरक्षण र संवर्दन तथा सशक्तीकरण सम्बन्धी अध्ययन अनुसन्धान।<br><br>वार्षिक प्रगति समिक्षा तथा प्रतिवेदन।<br><br>आयोगको स्थापना दिवसको कार्यक्रम।<br><br>मुस्लिम आयोग नियमावली/कार्यविधि तर्जुमा।<br><br>आयोगको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा।<br><br>आयोगको रणनीतिक योजना तर्जमा।<br><br>मुस्लिम समुदायको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विविध विषयकं सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम।<br><br>मुस्लिम महिलाहरूको सीप विकास र सशक्तीकरण कार्यक्रम।<br><br>ईफ्तार कार्यक्रम।<br><br>निरिक्षण तथा अनुगमन।<br><br>विभिन्न आयोग संघ संस्था तथा सञ्चार माध्यमसँग अन्तरक्रिया र छलफल कार्यक्रम। |

## ९. त्रिवर्षीय खर्चको स्रोत अनुमान तथा प्रक्षेपण

| | बजेट उपशिर्षक | कार्यक्रम/आयोजना | आ.व.२०८१/८२को अनुमान | | | | आ.व.२०८२/८३को खर्चप्रक्षेपण | | | | आ.व.२०८३/८४को खर्च प्रक्षेपण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | ननेपालसरकार | बैदेशिकअनुदान | बैदेशिकऋऋण | कुल | नेपालसरकार | बैदेशिकअनुदान | बैदेशिकऋण | कुल | नेपाल सरकार | बैदेशिकअनुदान | बैदेशिक ऋण |
| १ | २३४००००१ | मुस्लिम आयोग | ४१९ | ४१९ | | | ४७० | ४७० | | | ५१७ | ५१७ | | |
| | २३४०००११ | | | | | | | | | | | | | |

## कार्यक्रमको प्राथमिकीकरण,सांकेतीकरण तथा त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण

| क्र. सं. | बजेटउपशिर्षक | कार्यक्रम/आयोजना | आ.व.२०८१/८२को विनियोजन | | | | आ.व.२०८२/८३को खर्चप्रक्षेपण | | | | आ.व.२०८३/८४को खर्च प्रक्षेपण | | | | रणनीतिक सतम्भ | प्राथमिकताक्रम | दिगोविकाससंकेत | गरिबी न्यूनिकरण | लैंगिकसंकेत | जलवायुसंकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीयव | कुल | चालु | पुँजीगत | | | | | | | | | | | |

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २३४००००१ | मुस्लिम आयोग | ४१९ | ४०० | १९ | ० | ४७० | ४५७ | १३ | ० | ५१७ | ४९९ | १८ | ० | ६ | P1 | 1,2.5,10 | २ | २ | ३ |
| २ | २३४०००११ | | | | | | | | | | | | | | | | | | | |

**१०. जोखिम पक्ष तथा अनुमानः**
आयोगमा दरबन्दी कटौती भई कर्मचारीको संख्या अन्यन्त कम भएकोले कार्यसम्पादन असर पर्ने जोखिम रहेको छ।

अनुसूची-३

# आर्थिक वर्ष २०८०।८१ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम

| क्र. सं. | मुख्य कार्यक्रम र संकेत | इकाई | परिमाण | दर | जम्मा | कार्यक्रम गर्ने स्थान | कार्यक्रम गर्ने समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बार्षिक दिवस तथा प्रतिवेदन कार्यक्रम खर्च | पटक | १ | ५२६ | ५२६ | | | |
| २ | लोकसेवा तयारी कक्षा | पटक | १ | १००० | १००० | | | |
| ३ | मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम | पटक | २ | २०० | ४०० | | | |
| ४ | मुस्लिम समुदायको आर्थिक सामाजिक साँस्कृतिक लगायतका विविध विषयक सशक्तीकरण तथा क्षमता विकास | पटक | १० | २३६२ | २३६२ | | | |
| ५ | मस्जिद,मदरसा,कब्रिस्तान,इ दगाह,मिजार र मुस्लिम संघ संस्थाहरको निरिक्षण तथा अनुगमन | पटक | १२ | २५ | ३०० | | | |
| ६ | विभिन्न आयोग,संघ,संस्था तथा सञ्चार माध्यमसँग अन्तरक्रिया र छलफल कार्यक्रम | पटक | १ | ११२ | ११२ | | | |
| ७ | मुस्लिम समुदायको सामाजिक समावेशीकरणको अवस्था सम्बन्धी अध्ययन | पटक | १ | ५०० | ५०० | | | |
| ८ | मुस्लिम आयोगको नियमावली/ कार्यविधि तर्जुमा | पटक | १ | २०० | २०० | | | |
| ९ | मुस्लिम राष्ट्रिय नीति प्रकाशन | पटक | १ | २०० | २०० | | | |
| १० | मदरसा शिक्षा कानुन तर्जुमा | पटक | १ | ३०० | ३०० | | | |
| ११ | संघप्रदेश र स्थानीय तहमा मुस्लिम समुदायको राजनीतिक सहभागिता सम्बन्धी अध्ययन अनुसन्धान | पटक | १ | ५०० | ५०० | | | |
| १२ | स्वास्थ्यको क्षेत्रमा मुस्लिम महिलाको अवस्था र पहुँच सम्बन्धी अध्ययन | पटक | १ | ५०० | ५०० | | | |
| १३ | ईफ्तार कार्यक्रम | पटक | १ | ४०० | २९९.७३ | | | |
| | कुल जम्मा | | | | | | | |

अनुसूचि-४

# आयोगबाट प्रकाशित शुभकामना र प्रेस विज्ञप्तिहरू

## मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.०८०/८१
च.नं.

मिति:२०८०।१२।२८

मुस्लिम आयोग
जावलाखेल, ललितपुर
२०७४

**ईद-उल फित्र (ईद मुबारक) को शुभकामना !!!**

ईद-उल फित्र (ईद) संयमता, धैर्यता, विश्व शान्ति र भाइचाराको सन्देश दिने चाड हो। इस्लाम धर्मावलम्बीको १४४५ हिजारीको रमजान महिनाको ३० दिने सौम (ब्रत, उपसना) पुरा भएको भोलिपल्ट (मिति २०८०।१२।२९ गते बिहिबारका दिन) खुशियाली साटासाट गर्दै मुस्लिम समुदायले मनाउने चाड हो।

पवित्र रमजान महिनामा एक महिनासम्म दिनभरीको भोक तिर्खा बिर्सेर, रिस-राग र स्वार्थ त्यागेर सबै ज्ञानेन्द्रियहरुलाई कुकर्मबाट टाढा राखी कठोर अभ्यास पूरा गरी भोलिपल्ट ईद-उल फित्र (ईद) को खुशियाली साटासाट गर्दै मनाउने यो पावन अवसरमा देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदिबहिनीहरुमा ईद-उल फित्र (ईद मुबारक) को हार्दिक शुभकामना व्यक्त गर्दछौं।

यस पर्वले राष्ट्रिय एकता, अखण्डता, आपसी मित्रता, सामाजिक र साँस्कृतिक सद्भाव तथा धार्मिक सहिष्णुता थप सुदृढ बनोस्, राष्ट्र निर्माण तथा विकासको गति तिव्र रुपमा अघि बढोस् र समृद्ध नेपाल सुखि नेपालीको परिकल्पना साकार होस् भन्ने शुभेच्छा व्यक्त गर्दछौं।

समिम मियाँ अन्सारी
अध्यक्ष

# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.०८०/८१
च.नं.

मितिः २०८०/१२/३०

## प्रेश विज्ञप्ति

कमलनारायण दासको नामबाट सामाजिक संजाल फेसबुकमा मुस्लिम समुदायको पवित्र रमजान महिनामा पर्ने रोजालाई इङ्गित गरी मुस्लिम समुदाय, इस्लाम धर्म र इस्लाम धर्मका प्रवर्तक समेतलाई अनादर र अपमानित गर्ने नियतले झुट्ठा, भ्रामक तथा कपोकल्पित कुराहरु पोष्ट गरी सामाजिक र धार्मिक सद्भाव खल्वल्याउने प्रयास भएको देखिएकाले उक्त कार्यप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। बेलाबेला केही उश्रृङ्खल व्यक्तिहरुले नेपालीहरुबीच सदियौंदेखि चलिआएको धार्मिक सहिष्णुता एवं सामाजिक सद्भाव खलबल्याई समाजमा अशान्ति फैलाउने उद्देश्यले मुस्लिम समुदायका धार्मिक धरोहरमाथि प्रहार गर्ने कार्यले आयोगलाई दुःखीत तुल्याएको छ।

नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त मुलुक हो। धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। तथापि केही व्यक्तिहरुले विचार र अभिव्यक्तिको स्वतन्त्रताको गलत वकालत गर्दै मुस्लिम सुदायको धार्मिक, सामाजिक र साँस्कृतिक पक्षहरुमा निरन्तर आक्रमण गरी जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने कार्य गर्दै आएका छन् जुन नेपालको संविधानले प्रत्याभूत गरेको धार्मिक स्वतन्त्रता र धर्मनिरपेक्षताको वर्खिलाप हुन जान्छ। त्यसैले यस्ता गतिविधि निरुत्साहित गर्दै धार्मिक, सामाजिक सहिष्णुता र सद्भाव कायम गर्न नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराइन्छ।

साथै मुस्लिम समुदायको धार्मिक आस्थामाथि दुष्प्रचार गर्ने उक्त व्यक्ति उपर आवश्यक कानुनी कारबाहीको लागि सम्बन्धित निकायमा लेखि पठाइएको व्यहोरा अनुरोध गर्दै समाजमा शान्ति र अमनचयन कायम गरी सबै धर्म एवं समुदायहरुको धार्मिक स्थलहरुको संरक्षण गर्दै सबैको धार्मिक आस्थाप्रति सम्मान व्यक्त गर्न तथा सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्न सबै समुदायहरुमा हार्दिक अपिल गरिन्छ।

(समिम मियाँ अन्सारी)

# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.०८०/८१
च.नं.

मिति:२०८०।०६।०९

**मुहम्मद जयन्ती ( मुहम्मद दिवस ) मुबारक**

इस्लाम धर्मका अन्तिम ईशदूत (पैगम्बर) हजरत मुहम्मद (सल्ल.) को १४९८ औं जन्मजयन्ती (१२ रब्बी-उल-अव्वल) यही २०८० साल असोज ११ गते बिहीबार पर्न गएकाले उक्त शुभअवसरमा देश विदेशमा रहनु भएका सम्पूर्ण दाजुभाइ दिदी- बहिनीहरुमा सुस्वास्थ्य, दिर्घायु, सुख शान्ति एवं समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं। साथै,यस शुभ अवसरमा नेपालको राष्ट्रिय एकता, राष्ट्रिय अखण्डता, सामाजिक सद्भाव एवं धार्मिक सहिष्णुता थप मजबुत बनोस भन्ने शुभेच्छा समेत व्यक्त गर्दछौं ।

(महमदिन अली)
कार्यबाहक अध्यक्ष
तथा मुस्लिम आयोग परिवार

# मुस्लिम आयोग

जावलाखेल, ललितपुर

प.स.०८०/८१ मिति २०८०/०६/१७

च.नं.

---

## विज्ञप्ति

लुम्बिनि प्रदेशको बाँके जिल्लाको नेपालगञ्ज लगायतका अन्य केही स्थानहरूमा केही उश्रृङखल व्यक्तिहरूले नेपालमा सदियौंदेखि चलि आएको धार्मिक सहिष्णुता एवं सामाजिक सद्भभाव खल्बल्याई समाजमा अशान्ति फैल्याउने घटनाले आयोगलाई दुःखित तुल्याएको छ।

तराईका केही जिल्लाहरूमा विगतमा समेत पटक पटक यस किसिमका धार्मिक सहिष्णुतालाई खल्बल्याउने क्रियाकलापहरू हुँदै आएको सन्दर्भमा कानूनको उलंघन गरी धार्मिक सहिष्णुता खल्बल्याई समाजमा अशान्ति सिर्जना गर्ने व्यक्ति एवं समूहहरुको पहिचान गरी कानूनी कारबाहीको दायरामा ल्याई समाजमा शान्ति र अमनचयन कायम गर्न नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदै समाजमा शान्ति र अमनचयन कायम गरी सबै धर्म एवं समुदायहरूको आस्थाप्रति सम्मान व्यक्त गर्न तथा सामाजिक सद्भभाव कायम राख्न र धार्मिक सहिष्णुता बचाइराख्न सबैमा हार्दिक अपिल गरिन्छ।

समिम मियाँ अन्सारी

अध्यक्ष

मुस्लिम आयोग

अनुसूचि- ५

# राष्ट्रिय जनगणना, २०७८ अनुसार मुस्लिम समुदायको कुल जनसंख्या विवरण

| | कूल | पुरुष | महिला |
|---|---|---|---|
| कुल जनसंख्या | १४,८३,०६६ | ७,३२,०६६ | ७,५१,०६० |
| शहरी क्षेत्र | ९६९९७३ | ४८२५७० | ४८७४०३ |
| ग्रामीण क्षेत्र | ५१३०९३ | २४९४३६ | २६३६५७ |
| हिमाली क्षेत्र | ११७२ | ९९५ | १७७ |
| पहाडी क्षेत्र | ७०००० | ४२९४८ | २७०५२ |
| तराई क्षेत्र | १४११८९४ | ६८८०६३ | ७२३३८१ |

प्रतिशत (कुल जनसंख्या २,९१,६४,५७८) ५.०९%

## राष्ट्रिय जनगणना, २०७८ अनुसार प्रदेशगत जनसंख्या

| प्रदेश | कुल जम्मा | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|
| कोशी | २०८३११ | १०२६७७ | १०५६३४ | ४.२० |
| मधेश | ८११८७८ | ३९१२५५ | ४२०६२३ | १३.२८ |
| बागमती | ४८४०५ | ३१७३५ | १६६७० | ०.७९ |
| गण्डकी | २२३६१ | १२३७४ | ९९८७ | ०.९१ |
| लुम्बिनी | ३८१५५८ | १८८१०१ | १९३४५७ | ७.४५ |
| कर्णाली | ३५७० | १९५८ | १६१२ | ०.२१ |
| सुदूरपश्चिम | ६९८३ | ३९०६ | ३०७७ | ०.२६ |
| कुल | १४८३०६६ | ७३२००६ | ७५१०६० | ५.०९ |

## राष्ट्रिय जनगणना, २०७८ अनुसार जिल्लागत जनसंख्या

| क्र. सं. | जिल्ला | कुल | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | रौतहट | १८३४४८ | ८७९६० | ९५४८८ |
| २ | कपिलवस्तु | १२४३७६ | ५९८९० | ६४४८६ |
| ३ | पर्सा | ११६५०५ | ५८७८३ | ५७७२२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | सुनसरी | ११४४१६ | ५५८०१ | ५८६१५ |
| ५ | बाँके | ११२५४६ | ५६७३९ | ५५८०७ |
| ६ | बारा | ११२२४८ | ५६२२१ | ५६०२७ |
| ७ | महोत्तरी | १०९९१४ | ५१२१३ | ५८७०१ |
| ८ | रुपन्देही | ९०७४४ | ४४६७७ | ४६०६७ |
| ९ | धनुषा | ८४०८० | ३९४१९ | ४४६६१ |
| १० | सर्लाही | ७६६५९ | ३७२२६ | ३९४३३ |
| ११ | सप्तरी | ६७७८२ | ३१७२१ | ३६०६१ |
| १२ | सिराहा | ६१२४२ | २८७१२ | ३२५३० |
| १३ | मोरङ | ५६७५७ | २८१९६ | २८५६१ |
| १४ | झापा | ३३२०० | १६३६४ | १६८३६ |
| १५ | नवलपरासी (पश्चिम) | २८०२८ | १३६४१ | १४३८७ |
| १६ | काठमाडौं | २६३३९ | १७७७५ | ८४६४ |
| १७ | बर्दिया | १४३६३ | ७०६८ | ७२९५ |
| १८ | चितवन | ९५७८ | ५७५८ | ३८२० |
| १९ | दाङ | ७१७९ | ३७६४ | ३४१५ |
| २० | कास्की | ६२१७ | ३९०९ | २३०८ |
| २१ | कैलाली | ५७७५ | ३१३२ | २६४३ |
| २२ | तनहुँ | ५०१२ | २६१८ | २३९४ |
| २३ | ललितपुर | ४०४० | २७९२ | १२४८ |
| २४ | गोरखा | ३३९५ | १६१५ | १७८० |
| २५ | मकवानपुर | ३२४० | १९२१ | १३१९ |
| २६ | उदयपुर | २७२१ | १२९० | १४३१ |
| २७ | नवलपरासी पूर्व | २५२२ | १४४३ | १०७९ |
| २८ | सुर्खेत | २४८२ | १३६३ | १११९ |

| | | | | |
|---|---|---|---|---|
| २९ | स्याङ्जा | २२८४ | १११८ | ११६६ |
| ३० | भक्तपुर | २१०२ | १४५८ | ६४४ |
| ३१ | पाल्पा | १५१४ | ८८३ | ६३१ |
| ३२ | धादिङ | १३२० | ७५९ | ५६१ |
| ३३ | अर्घाखाची | १२१३ | ५७९ | ६३४ |
| ३४ | लमजुङ्ग | ११९४ | ६५३ | ५४१ |
| ३५ | बाग्लुङ | ८५५ | ४६५ | ३९० |
| ३६ | प्युठान | ७७८ | ३९० | ३८८ |
| ३७ | काभ्रेपलान्चोक | ६८१ | ५१९ | १६२ |
| ३८ | पर्वत | ६१८ | ३५३ | २६५ |
| ३९ | गुल्मी | ५४३ | ३०६ | २३७ |
| ४० | कन्चनपुर | ५३२ | ३३५ | १९७ |
| ४१ | नुवाकोट | ५१५ | ३०८ | २०७ |
| ४२ | संखुवासभा | ४९१ | ४७९ | १२ |
| ४३ | दैलेख | ४८६ | २३५ | २५१ |
| ४४ | सिन्धुली | ३१५ | २२२ | ९३ |
| ४५ | अछाम | ३१३ | १९२ | १२१ |
| ४६ | सल्यान | २९० | १५२ | १३८ |
| ४७ | रोल्पा | २७३ | १६३ | ११० |
| ४८ | म्याग्दी | २३४ | १७५ | ५९ |
| ४९ | ईलाम | २२९ | १६८ | ६१ |
| ५० | पाँचथर | ११६ | १०९ | ५७ |
| ५१ | धनकुटा | १४४ | ९७ | ४७ |
| ५२ | बाजुरा | १२० | ५४ | ६६ |
| ५३ | डोटी | ११४ | ९२ | २२ |

| | | | | |
|---|---|---|---|---|
| ५४ | ताप्लेजुङ | ११२ | ११२ | ० |
| ५५ | दोलखा | १०७ | ९४ | १३ |
| ५६ | सिन्धुपाल्चोक | १०४ | ७८ | २६ |
| ५७ | जुम्ला | ९८ | ६४ | ३४ |
| ५८ | रुकुम (पश्चिम) | ९४ | ६५ | २९ |
| ५९ | डडेलधुरा | ७१ | ५१ | २० |
| ६० | जाजरकोट | ६७ | ४१ | २६ |
| ६१ | रामेछाप | ४८ | ३७ | ११ |
| ६२ | दार्चुला | ३५ | ३२ | ३ |
| ६३ | डोल्पा | ३२ | २४ | ८ |
| ६४ | भोजपुर | २८ | २६ | २ |
| ६५ | मुस्ताङ | २७ | २२ | ५ |
| ६६ | खोटाङ | २३ | १७ | ६ |
| ६७ | बैतडी | २३ | १८ | ५ |
| ६८ | रसुवा | १६ | १४ | २ |
| ६९ | तेह्रथुम | १५ | ११ | ४ |
| ७० | मुगु | १३ | ८ | ५ |
| ७१ | कालीकोट | ८ | ६ | २ |
| ७२ | सोलुखुम्बु | ६ | ५ | १ |
| ७३ | ओखलढुंगा | ३ | २ | १ |
| ७४ | मनाङ | ३ | ३ | ० |
| ७५ | रुकुम पूर्व | १ | १ | ० |
| ७६ | हुम्ला | ० | ० | ० |
| ७७ | बझाङ | ० | ० | ० |
| | | १४८३०६६ | ७३२००६ | ७५१०६० |

## अनुसूचि- ६
# कार्यक्रमका तस्विरहरू



आयोगका माननीय अध्यक्ष समिम मियाँ अन्सारीज्यू सम्माननीय राष्ट्रिपतिज्यूलाई आयोगको वार्षिक प्रतिवेदन बुझाउनुहुँदै ।



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका पदाधिकारी र कर्मचारीहरूको सामुहिक तस्बिर ।




मिति २०८० चैत्र ०७ गते सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा आयोगको वार्षिक स्थापना दिवसमा आयोजित कार्यक्रममा राष्ट्रपतिज्यूलाई मायाको चिनो प्रदान गर्नुहुँदै माननीय अध्यक्षज्यू ।




मुस्लिम आयोगको पाचौं वार्षिक स्थापना दिवस कार्यक्रमा मुस्लिम समुदायका व्यक्तित्वको सम्मान गर्दैं ।



मिति २०८० चैत्र ०७ गते सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा
आयोगको वार्षिक स्थापना दिवसमा आयोजित कार्यक्रम ।




सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय नजिर मियाँलाई
आयोगको वार्षिक प्रतिवेदन बुझाउँदै आयोगका पदाधिकारीहरू ।




२०८१ वैशाख २७ गते बाँकेको नेपालगञ्जमा आयोजित
मुस्लिम महिलाको सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।



२०८१ वैशाख २७ गते बाँकेको नेपालगञ्जमा आयोजित
मुस्लिम महिलाको सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




२०८१ जेठ ०८ गते सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।



२०८१ जेठ ०८ गते सुदूरपश्चिम प्रदेशको राजधानी धनगढीमा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।



२०८१ जेठ ०९ गते कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रममा आयोगका माननीय अध्यक्षज्यूद्वारा कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय यामलाल कँडेलज्यूलाई स्वागत गरिदै ।




२०८१ जेठ २२ गते कपिलवस्तुको विजयनगर गाउँपालिकामा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




२०८१ जेठ ३२ गते कास्की जिल्लाको पोखरामा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।



२०८१ जेठ ३२ गते कास्की जिल्लाको पोखरामा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




२०८१ असार ०७ गते मकवानपुरको हेटौडामा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रममा आयोगका माननीय अध्यक्ष मन्तव्य व्यक्त गर्नुहुँदै ।




२०८१ असार ०८ गते बारा जिल्लाको हरपुरमा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




२०८१ असार ०९ गते पर्सा जिल्लाको बीरगञ्जमा आयोजित
मुस्लिम महिलाहरूको सशक्तीकरण कार्यक्रम ।



२०८१ असार ०९ गते पर्साको बीरगञ्जमा आयोजित
मुस्लिम महिलाको सशक्तीकरण कार्यक्रम ।




२०८१ असार १० गते रौतहट जिल्लाको गौर नगरपालिकामा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




२०८१ असार १३ गते उदयपुर जिल्लाको गाईघाटमा आयोजित मुस्लिम समुदायको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विविध विषयक सशक्तीकरण तथा क्षमता विकास कार्यक्रम ।




Seminar on the tolerance and its role in promoting peaceful social co-existence from the perspective of Islam नामक कार्यक्रमको झलक




Seminar on the tolerance and its role in promoting peaceful social co-existence from the perspective of Islam नामक कार्यक्रमको झलक ।



नेपालस्थित साउदी अरब राजदुतावासका सचिवज्यू मार्फत कुरान ग्रहण गर्नुहुँदै आयोगका पदाधिकारीहरू ।




महिला तथा सामाजिक मामिला समितिमा
आयोगको प्रगतिको अवस्था जानकारी गराउनुहुँदै माननीय अध्यक्ष ।



आयोगका माननीय पदाधिकारीद्वारा सचिव श्री रमेश न्यौपानेज्यूको स्वागत कार्यक्रमको तस्बीर ।



आयोगका माननीय पदाधिकारीद्वारा सचिव श्री चण्डी प्रसाद घिमिरेज्यूको बिदाई कार्यक्रमको तस्बीर ।



आयोगका अध्यक्ष तथा पदाधिकारीहरूसँगको अन्तरक्रिया कार्यक्रमको झलक ।



कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय तिलक परियारलाई
आयोगको वार्षिक प्रतिवेदन बुझाउनुहुँदै आयोगका पदाधिकारीहरू ।



यू ए इ सरकारको सहयोगमा तथा सम्माननीय उपराष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा सञ्चालित इफ्तार कार्यक्रम ।




मुस्लिम आयोगद्वारा जनकपुरमा सञ्चालित इफ्तार कार्यक्रममा आयोगका माननीय अध्यक्षज्यू आफ्नो मन्तव्य राखुहुँदै ।



आयोगका कार्यवाहक अध्यक्ष माननीय महमदिन अलिज्यू र माननीय सदस्य मो. समशुल हक लुम्बिनी प्रदेशका प्रदेश प्रमुख माननीय अमिक शेरचनज्यूलाई आयोगको वार्षिक प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै ।

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल।


**मुस्लिम आयोग, नेपाल**
**जावलाखेल, ललितपुर**
**फोन नं. +९७७-५५४२६५१**
Website: www.muslimcomission.gov.np
Email: muslimcomission.nepal@gmail.com